# सबैका लागि शिक्षा २००४-०९
# फर्मेटिभ अनुसन्धान परियोजना
# Formative Research Project

अनुसन्धान प्रतिवेदनहरूको सारसङ्क्षेप - ४

त्रिभुवन विश्वविद्यालय
शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)
फर्मेटिभ अनुसन्धान परियोजना
२०६५

**सम्पादन** डा. किशोर श्रेष्ठ

भाषा सम्पादन वेदनाथ रेग्मी
दिवाकर ढुङ्गेल
चन्द्रमणि भण्डारी

कभर डिजाइन तथा लेआउट गौतम मानन्धर
चन्द्रमणि भण्डारी

टाइपिङ विष्णु विक्रम गिरी
छपाइ भक्तबहादुर श्रेष्ठ

प्रकाशक त्रिभुवन विश्वविद्यालय
शिक्षा विकास तथा अनुसन्धान केन्द्र
फर्मेटिभ अनुसन्धान परियोजना
पो.ब.नं.: २१६१, फोन नं. ४२८६७३२
फ्याक्स: ४२७४२२४
email*:* **formative@cerid.org** and **cerid@mos.com.np**
CERID on Internet: **http://www.cerid.org**

# भूमिका

त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्रले आफ्नो स्थापना कालदेखि नै आफूले सम्पन्न गरेका अनुसन्धानहरूको प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ । यही क्रममा फर्मेटिभ अनुसन्धान परियोजना २००४-२००९ अन्तर्गत सञ्चालित अध्ययनहरूको प्रतिवेदनहरू अंग्रेजी भाषामा र ती अनुसन्धान प्रतिवेदनहरूको सारसंक्षेप नेपाली भाषामा प्रकाशन हुँदै आइरहेको छ । अनुसन्धान प्रतिवेदनहरूको सारसंक्षेपको यो चौथो प्रकाशन हो । यस्मा ७ वटा अनुसन्धान प्रतिवेदनका सारसंक्षेप समावेश गरिएका छन् ।

फर्मेटिभ अनुसन्धानले नेपालमा सञ्चालित सबैका लागि शिक्षा (२००४-२००९) को प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धानमा आधारित जानकारी प्रदान गरि उल्लेखनीय सहयोग पुऱ्याउदै आएको छ । यसरी नै यी अनुसन्धानका निष्कर्ष तथा सुझावहरूले शिक्षा मन्त्रालयलाई नीतिगत निर्णय गर्न समेत आधार प्रदान गरेको छ । यस प्रकारको सारसंक्षेप शिक्षा क्षेत्रमा कार्यरत सबैलाई उपयोगी हुने भएकोले देशको विभिन्न भागमा सञ्चालन गरिने फर्मेटिभ अनुसन्धानका नतिजाहरूको प्रवोधिकरण कार्यक्रमा सरोकारवालाहरूलाई वितरण गर्ने गरेको छ ।

फर्मेटिभ अनुसन्धानअन्तर्गत हालसम्ममा ५० भन्दा बढी प्रतिवेदनहरू प्रकाशन भइसकेका छन् । यस वर्षमा पनि फर्मेटिभ अनुसन्धानअन्तर्गत Longitudinal Study on System Indicators लगायत ७ वटा अध्ययनहरू सञ्चालन भइरहेका छन् । यी अनुसन्धानहरूमा संलग्न अनुसन्धानकर्ताहरू, सह-अनुन्धानकर्ताहरू, अनुसन्धान सहायकहरू तथा प्रशासनिक कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यसरी नै आवश्यक सुझाव तथा जानकारी प्रदान गर्नु हुने शिक्षा मन्त्रालय, शिक्षा विभाग, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयका पदाधिकारीहरू तथा विद्यालयहरूका प्रधानाध्यापकहरू, शिक्षकहरू, विद्यार्थीहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक-अभिभावक संघका अध्यक्ष तथा सदस्यहरू, स्रोत व्यक्तिहरू र शिक्षाविद्हरूलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

२०६५

प्रा.डा. अरविन्द लाल भोमी
कार्यकारी निर्देशक

## विषयसूची


| विषय | पेज |
|---|---|
| नेपालमा विद्यालय शासन (Governance) | १ |
| कक्षाकोठामा उत्तम पठन-पाठनको अभ्यासका अवस्थाहरू तथा प्रावधानहरू | ७ |
| सुविधाविहीन बालबालिकाका शिक्षासम्बन्धी अधिकार: विद्यमान अवस्था र चुनौती | ११ |
| प्राथमिक विद्यालयमा समाहित शिक्षाको संस्थागत विकासका चुनौती तथा सम्भावनाहरू | १४ |
| शिक्षाको मूलधारमा नेपालका गुम्बा, विहार र गुरुकुल - दोस्रो अध्ययन | १७ |
| नेपालका मदरसामा औपचारिक शिक्षा : प्रवृत्ति तथा मुद्दाहरू | २१ |
| प्रतिविद्यार्थी एकाइ लागतको आधारमा उपलब्ध गराउने अनुदान व्यवस्थाको विस्तारका सम्भावनाहरू | २४ |

# नेपालमा विद्यालय शासन (Governance)

## पृष्ठभूमि

शैक्षिक सुधार भन्नाले शैक्षिक प्रणालीको विषयवस्तु (Content) र संरचना (Structure) वा शक्ति सम्बन्ध (Power relation) मा परिवर्तन भन्ने जनाउँछ । यो परिवर्तन अन्य तत्वहरू भन्दा पनि विधायिकी माध्यमहरूबाट आउन सक्छ । त्यसैले शिक्षामा सुधार गर्ने कुरामा दुईओटा तथ्यहरूले प्रमुखता पाउने गर्दछन् । एक, शैक्षिक प्रणालीमा केही पक्षहरू अपेक्षित छैनन् र यिनमा सुधारका लागि विधायिकी माध्यम अपनाउनु अपरिहार्य छ भन्ने सोच र अर्को, विधायिकी शक्ति धारण गर्नेहरूबीच निश्चित कदम चाल्ने कुरामा सहमति । तर सुधारका लागि केकस्ता उपायहरू अपेक्षित हुन् र यिनलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरा स्थापित मूल्य (Set values) र मान्यताहरूमा आधारित हुन्छन् । जे भए तापनि सुधारमा प्राविधिक, आर्थिक र राजनीतिक तत्वहरू समाहित हुन्छन् । सुधारका निम्ति प्राविधिक र आर्थिक पक्ष महत्वपूर्ण भए तापनि राजनीतिक पक्ष प्रभावकारी हुन्छ, किनभने शक्ति सम्बन्धसँग तादात्म्य राख्ने राजनीतिक तत्वले प्राविधिक र आर्थिक तत्वलाई प्रभाव पारिराखेको हुन्छ । प्राविधिक र आर्थिक पक्षको प्रयोग र उपयोग गरिने स्थानमा राजनीतिक तत्वले शैक्षिक संरचना परिवर्तन र निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

सामान्यत: शासन पद्धति राजनीतिक प्रक्रियाबाट प्रभावित हुन्छ । शासनका माध्यमबाट कुनै पनि समाज वा संस्थाको शक्ति सम्बन्ध अभिव्यक्त हुन्छ । शासन एक किसिमको प्रक्रिया, सम्बन्ध र संस्था हो, जहाँ सरोकारवालाहरूले आफ्नो चाहना व्यक्त गर्दछन् र अधिकारको कसरत गर्दछन् । शासनले मूलत: मूल्य, नियम, व्यवस्था र प्रक्रिया तथा अधिकारहरूको प्रयोग गर्न, निर्णय गर्न र साझा उद्देश्य प्राप्त गर्न प्रेरित गर्दछ । शासन एउटा छाता विचार पनि हो जहाँ सरकारी अङ्ग र नागरिक समाजले एकआपसमा छलफल तथा कसरत गरेर समान संरचना तथा नीति निर्माण गर्दछन् ।

नेपालमा शिक्षाको सुधारका प्रयासहरूलाई आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम तथा स्थानीय स्वायत्त शासन ऐन, शिक्षा ऐनमा सातौँ संशोधन तथा सोसम्बन्धी नियम/विनियम र निर्देशिकाहरूले अघि बढाएको देखिन्छ ।

प्रस्तुत अध्ययनले स्थानीय तहमा विद्यालय सञ्चालक तथा सरोकारवालाहरूले पाएका तथा उपयोग गरेका अधिकार र भूमिकाहरूबारे विश्लेषण गर्दै विद्यालय शासनको अवस्था देखाउने जमर्को गरेको छ ।

## उद्देश्य

शैक्षिक क्षेत्रमा विकेन्द्रीकरणका सन्दर्भमा विद्यालय सञ्चालनमा स्थानीय समुदाय, विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.), अभिभावक शिक्षक सङ्घ (अ.शि.स.), प्रधानाध्यापक (प्र.अ.) तथा सरोकारवालाहरूको संलग्नता, अधिकार, भूमिका, जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिताबारे विश्लेषण गर्नु प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य हो । यसका लागि अध्ययनले देहायका प्रश्नहरूको जवाफ दिने प्रयत्न गरेको छ -

- शिक्षा नियमावलीअनुसार वि.व्य.स.ले आफ्नो भूमिका र उत्तरदायित्वलाई कसरी पूरा गरेका छन् ?
- विद्यालय शासन प्रणालीमा वि.व्य.स.को व्यवस्था तथा प्रबन्धलाई वि.व्य.स.का सदस्यहरूले कसरी आत्मसात् गरेका छन् ? वि.व्य.स.ले स्थानीय समुदाय र अभिभावकहरूको गुनासोलाई कसरी सम्बोधन गर्छन् ?
- असल विद्यालय शासनका लागि अ.शि.स.ले योगदान कसरी पुऱ्याएको छ ?
- विद्यालयसँग सम्वन्धित अधिकार प्राप्त व्यक्तिहरूको क्षमता अभिवृद्धिका लागि के-कस्ता रणनीतिहरू अपनाइएका छन् ? तिनीहरूका सीमाहरू के-के हुन् ?

## अध्ययन विधि

यो अध्ययन गुणात्मक स्वभावको छ । यसमा अध्ययन क्षेत्रबाट प्राप्त तथ्याङ्क र जानकारीलगायत सम्बन्धित सामग्रीहरूको अध्ययन र पुनरावलोकन गर्नुका साथै नेपालको शिक्षा व्यवस्था, सम्बन्धित ऐन, कानुन, नियम र निर्देशिकाको समीक्षा गरिएको छ । अध्ययनका क्रममा चितवन, कैलाली, इलाम, स्याङ्जा र जुम्ला गरी ५ जिल्ला र तिनबाट १५ (प्रत्येक जिल्लाबाट ३ का दरले) विद्यालयहरूलाई समावेश गरिएको छ ।

अध्ययनका लागि १५ ओटै विद्यालयका प्र.अ., वि.व्य.स., अ.शि.स., शिक्षक, अभिभावक, जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षकहरूसँग अन्तर्वार्ता र छलफल गरी आवश्यक तथ्याङ्क जुटाइएको थियो । यससँगै विद्यालयको निरीक्षण पुस्तिका, निर्णय पुस्तिका तथा सम्बन्धित विद्यालयको भौतिक, शैक्षिक वातावरण र स्थितिको अवलोकन गरियो ।

प्रत्येक जिल्लामा तथ्याङ्क सङ्कलनको कार्य सकिएपछि जिल्ला शिक्षा कार्यालयमा जिल्ला शिक्षा अधिकारीलगायत अन्य कर्मचारीहरूसँग छलफल गरियो । त्यसपछि प्राप्त परिणामको पुनरावलोकन गरी विश्लेषणका लागि त्यसको प्रयोग गरियो ।

## मुख्य प्राप्तिहरू

प्राप्त तथ्याङ्क, जानकारी, सूचना तथा छलफलमा केन्द्रित भई नेपालमा विद्यालय शासनको वर्तमान अवस्था, प्रचलित अभ्यास, अन्तर र विचारहरूलाई देहायबमोजिम प्रस्तुत गरिएको छ ।

### *वि.व्य.स. र अ.शि.स.को गठन प्रक्रिया*

शिक्षा ऐनमा सातौँ संशोधनले विद्यालयमा स्थानीय अभिभावकहरूको समावेश, संलग्नता र सरोकार अपरिहार्य बनाएपछि वि.व्य.स. र अ.शि.स.को गठन प्रक्रिया द्रुतगतिमा अघि बढ्दै गयो । फलस्वरूप यी दुवै समितिहरूमा शिक्षक, स्थानीय अभिभावक, दलित, जनजाति तथा महिलालाई समावेश गरेर समावेशी समिति बनेको छ । तर केही विद्यालयमा समितिका अध्यक्ष तथा सदस्य पदमा गैरअभिभावकहरू पनि संलग्न भएको पाइयो । गैरअभिभावक संलग्न हुनुका कारणहरू धेरै भए तापनि यिनमा राजनीतिक कारण नै मुख्य रहेको पाइयो । अर्कोतर्फ यी समितिमा रहनु सामाजिक प्रतिष्ठाको विषय भएका कारण पनि ती गैरअभिभावकहरूमा सो समितिप्रति मोह भएको पाइयो । त्यसै गरी स्रोतको अभाव रहेको वा विपन्न विद्यालयहरूमा विद्यालयको बृहत्तर हित तथा विकासका लागि गैरअभिभावकहरूलाई सर्वसम्मतिबाट अध्यक्ष तथा सदस्य पदमा निर्वाचित गरेको पनि पाइयो । यस्ता विद्यालयका सदस्यहरू गैरअभिभावक समाजसेवी, विद्यालयको हित चाहने, विद्यालयलाई आर्थिक तथा भौतिक सहयोग गरेका वा जग्गा उपलब्ध गराउने मध्येका थिए । तर अर्कोतर्फ स्रोत सम्पन्न विद्यालयहरूमा अध्यक्ष तथा सदस्यहरूका लागि विवाद रहने, चुनाव हुने र ३/४ पटकको प्रयासपछि मात्र समितिहरू गठन हुने गरेको देखियो । यसको प्रमुख कारण स्रोत सम्पन्न विद्यालयमा स्रोत सङ्कलनभन्दा स्रोत परिचालनको अवसर पाउनु हो ।

धेरैजसो विद्यालयहरूमा वि.व्य.स.मा समेट्न नसकिएका अभिभावकहरूलाई अ.शि.स.मा समेटिएकाले पनि यी दुबै समितिहरूमा व्यावहारिक पक्षमा खासै कार्यगत भिन्नता देखिँदैन । अर्कोतर्फ दलित, जनजाति तथा महिलाहरूको न्यून सङ्ख्याको उपस्थितिका कारण शिक्षा नियमावलीको अनुसरण गर्न मात्र समावेशी समिति बनेको पाइयो । धेरै विद्यालयहरूमा महिला, दलित तथा जनजातिले नेतृत्वको भूमिका निर्वाह नगरेको पाइयो ।

स्याङ्जा र इलाम जिल्लाका केही विद्यालयमा वि.व्य.स. अध्यक्ष गैरअभिभावक हुँदाहुँदै पनि सर्वसम्मतबाट निर्वाचित भएर काम गर्दै आइरहेका छन् । विद्यालयका हरेक कार्यहरूमा उनीहरू धेरै अग्रसर भएका छन् र विद्यालयले प्रगति पनि गरेको पाइयो ।

### *वि.व्य.स.को कार्य र भूमिका*

शिक्षा ऐन, नियम र निर्देशिकाले वि.व्य.स.लाई विद्यालयको योजना बनाउने, विद्यालय सञ्चालन गर्ने, शिक्षक व्यवस्थापन गर्ने, स्रोत सङ्कलन तथा परिचालन गर्ने र भौतिक पूर्वाधारहरूको विकास गर्ने जिम्मेवारी प्रदान गरेको छ । विकेन्द्रीकरणको धारणाअनुरूप विद्यालयमा स्थानीय अभिभावकहरूले पहुँच बढाएर विद्यालयको आर्थिक, भौतिक, व्यवस्थापकीय तथा प्रशासनिक जिम्मा दिने हेतुले वि.व्य.स.का सदस्यहरूलाई तालिम दिने तथा उनीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू हुँदाहुँदै पनि व्यवस्थापन पक्षमा रहेका कमीकमजोरीहरूले त्यसको प्रभाव न्यून रहेको देखिन्छ । अर्कोतर्फ, स्वाध्ययन र तालिमको अभावमा समितिका सदस्यहरूले प्रचलित शिक्षा ऐन, नियम तथा निर्देशिकासम्बन्धी ज्ञानको अभावका साथै आफ्नो काम, कर्तव्य तथा अधिकारबीच यथेष्ठ जानकारी नहुनुले विद्यालयमा हुने कार्यहरू बढी व्यावहारिक ज्ञानमा सीमित रहेका छन् । फलस्वरूप वि.व्य.स.का सदस्यहरूले विद्यालय व्यवस्थापन, सञ्चालन तथा शासन पद्धतिमा भन्दा विद्यालयको भौतिक पूर्वाधारको विकास, आर्थिक स्रोत परिचालन जस्ता कार्यहरूमा बढी जोड दिएका छन् । अर्कोतर्फ यस समितिलाई शिक्षक व्यवस्थापन गर्ने कानुनी प्रावधान हुँदाहुँदै पनि यिनले निजी/स्थानीय स्रोतबाहेक अन्य शिक्षकको व्यवस्थापन गरेको पाइएन । जिल्ला शिक्षा कार्यालयलाई शिक्षक दरबन्दीका लागि आफ्नो मान्छे भर्ना/नियुक्त गर्न राजनीतिक तथा साङ्गठनिक दवाबहरू आइरहने परिप्रेक्ष्यमा त्यस्ता कुराहरूको अपेक्षा गर्न पनि सकिँदैन ।

विद्यालय सुधार योजना बनाउनु वि.व्य.स.को प्रमुख दायित्व हुँदाहुँदै पनि स्रोतको अभावमा योजना सम्पन्न नहुने हुँदा त्यस प्रतिको चासो घट्दै गएको छ । धेरै विद्यालयमा सुधार योजनाहरू नवीकरण भएको पाइएन । यति भए तापनि विद्यालयका हरेक पक्षमा अभिभावकहरूको चासो बढ्दै गइरहेको छ । त्यसैकारण कुनै-कुनै विद्यालयहरूमा फरक-फरक कार्यहरू, जस्तै - भवन निर्माण, खानेपानी, सरसफाइ, सुधार योजना निर्माण, परीक्षा, भर्ना आदिमा विविध उपसमितिहरू निर्माण गरेर कार्य सम्पन्न गरेका छन् । तर अपेक्षित लक्ष्य हासिल गर्न यी पर्याप्त छैनन् । अर्कोतर्फ विद्यालयमा वि.व्य.स.का सदस्यहरूभन्दा अध्यक्ष विद्यालयको कार्यमा बढी जिम्मेवार र सक्रिय देखिएका छन् ।

### *अभिभावक शिक्षक सङ्घको कार्य तथा भूमिका*

अभिभावक शिक्षक सङ्घको कार्य शिक्षाको गुणस्तर वृद्धिका लागि शुल्क निर्धारण, वार्षिक कार्यक्रमहरूको परिमार्जन र विद्यालयको आवश्यक कार्यमा सहयोग तथा सल्लाह प्रदान गर्नु भए तापनि यस सङ्घको आफ्नो निर्दिष्ट काम, कर्तव्य, भूमिका र अधिकारको यथोचित प्रयोग नगरी विद्यालयका विभिन्न कार्यक्रम तथा गतिविधिहरूमा वि.व्य.स.लाई सघाएको पाइन्छ । यस्तो हुनुमा सो सङ्घलाई आफ्ना काम, कर्तव्य तथा अधिकारको ज्ञान नहुनु र उनीहरूका लागि सीप तथा क्षमता अभिवृद्धि गर्ने कार्यहरूको सञ्चालन नहुनु मुख्य कारण हुन् । अर्कोतर्फ, अ.शि.स.को पृथक् बैठक नबस्नुले पनि सो सङ्घ वि.व्य.स.कै अङ्ग हो कि भन्ने आभास पनि दिन्छ । त्यसकारण सो सङ्घले विद्यालय व्यवस्थापन, सञ्चालन, आर्थिक स्रोत सङ्कलन तथा परिचालन, शिक्षक व्यवस्थापन (निजी स्रोत), भौतिक पूर्वाधार निर्माणजस्ता पक्षहरूमा वि.व्य.स.लाई सहयोग गरेको छ । कुनै-कुनै विद्यालयमा अ.शि.स.का सदस्यहरूको अध्यक्षतामा उपसमितिहरू गठन गरेर दिइएका कार्यहरू सम्पन्न भए तापनि यस सङ्घलाई वि.व्य.स.को अनुयायी भन्न सकिन्छ ।

### *प्रधानाध्यापकको नेतृत्व*

शिक्षा ऐन, नियम तथा निर्देशिकामा प्र.अ.लाई नेतृत्वदायीभन्दा प्रशासनिक र व्यवस्थापन कार्यमा संलग्न हुनुपर्नेमा जोड दिइएको छ । अर्कोतर्फ प्र.अ.ले जिल्ला शिक्षा कार्यालय र वि.व्य.स.ले दिएका निर्देशनहरू पनि पालन गर्नुपर्ने हुन्छ । विद्यालय सञ्चालन, तथ्याङ्क सङ्कलन र अभिलेख राख्नु, परीक्षा सञ्चालन, भर्ना, प्रमाण-पत्रको बन्दोवस्त, आर्थिक हिसाबकिताबजस्ता कार्यहरू गर्नु प्र.अ.को जिम्मेवारीमा पर्दछ । तर वास्तविकता भने धेरै फरक छ । वि.व्य.स. र अ.शि.स.मा प्र.अ.को भूमिका प्रभावकारी छ । बैठकहरूमा छलफलका विषय तय गर्ने, छलफल गर्ने, समस्या समाधानका उपायहरू

खोज्ने, निर्णय गर्ने, निर्णयलाई कार्यान्वयन गर्ने, समितिहरूलाई सहयोग तथा सुझाव दिने, विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग सम्बन्धविस्तार गरी विद्यालयको आर्थिक तथा भौतिक पूर्वाधारहरूको विकासका लागि स्रोत जुटाउने, स्थानीय समुदाय परिचालन गर्ने, विद्यालयमा समिति तथा उपसमितिहरूको गठन गर्ने, जिल्ला शिक्षा कार्यालयमा समय-समयमा गई तथ्याङ्कहरूको विवरण पेस गर्ने तथा रुजू गर्ने, विभिन्न विषयमा सूचना तथा जानकारीको आदान-प्रदान गर्ने, शिक्षकहरूलाई सहयोग तथा समर्थन गर्ने, शिक्षकहरूको व्यवस्थापन गर्ने र अभिभावक/विद्यार्थी, शिक्षक तथा समितिसँग परस्पर सुमधुर सम्बन्ध कायम गरी विद्यालयको विकास गर्ने काममा प्र.अ.ले धेरै योगदान पुऱ्याएका छन् । कुनै विद्यालयमा भवन निर्माणको प्रस्तावित लागत, खर्चको प्रस्ताव पेस गरेर गैरसरकारी सङ्घसंस्थाबाट आवश्यक आर्थिक तथा भौतिक स्रोत सङ्कलन गरी कार्य सम्पन्न गरेका छन् । यसप्रकार प्र.अ. व्यवस्थापक मात्र नभएर प्रभावशाली नेतृत्व वहन गर्नसक्ने नायक वा अगुवा पनि देखिएको छ ।

### *विद्यालयको क्षमता अभिवृद्धि*

छात्रवृत्ति, विद्यालय सुधार योजना, प्रोत्साहन रकम, अनुदान आदिको व्यवस्था गरेर सरकारले विद्यालयको क्षमता अभिवृद्धि गर्ने प्रयास गर्दै आइरहेको पाइन्छ । त्यस्तै विद्यालयलाई शिक्षकले तलब, कक्षाकोठाको निर्माणका लागि रकम, सामाजिक लेखा परीक्षण, समुदायमा हस्तान्तरण हुँदा दिइने अनुदान आदिको व्यवस्था गरेर सरकारी तवरबाट क्षमता अभिवृद्धि गर्ने प्रयास भए तापनि यसको परिणाम अपेक्षित रूप र परिमाणमा पाइँदैन । शैक्षिक जनशक्ति विकास केन्द्रले प्र.अ.को क्षमता अभिवृद्धिका लागि समय-समयमा तालिम, गोष्ठी आदिको आयोजना गरिरहेको छ । तर सरोकारवालाहरूको प्रशासकीय, व्यवस्थापकीय, गुणात्मक शिक्षा तथा पेसागत क्षमता अभिवृद्धिसम्बन्धी स्थानीय सरोकारवालाहरू समेटिन नसक्दा अपेक्षित लक्ष्य प्राप्त हुन सकेको छैन ।

अर्कोतर्फ गैरसरकारी संस्थालगायत शिक्षा विभागबाट सञ्चालित माध्यमिक शिक्षा सहयोग कार्यक्रम र सामुदायिक विद्यालय सहयोग कार्यक्रम मार्फत् तालिमको व्यवस्था गरे तापनि अभिभावकहरूले तालिमको आयोजना नै अत्यन्तै कम भयो र प्राविधिक तथा पेसागत पथप्रदर्शनको अभावमा यी कार्य प्रभावकारी बन्न सकेनन् भन्ने जस्ता गुनासाहरू गरेको पाइयो । वि.व्य.स.का अध्यक्षलाई तालिमको अवसर कम हुनुले उनीहरू कम सक्रिय रहेको पाइयो । जिल्ला शिक्षा कार्यालयमा पनि वि.व्य.स. र अ.शि.स.का सदस्यहरूको क्षमता अभिवृद्धिसम्बन्धी व्यवस्था भए/नभएको कुराको जानकारी नै छैन । वास्तवमा विद्यालयको व्यवस्थापन, सञ्चालन र शासनको जिम्मेवारी स्थानीय अभिभावकलाई दिने हो भने सरकारी तथा गैरसरकारी सङ्घसंस्था तथा संयन्त्रहरूले विद्यालयका समिति तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न यथोचित तालिम, गोष्ठी तथा कार्यक्रमहरू सञ्चालन गरी उनीहरूलाई विद्यालयको व्यवस्थापन, सञ्चालन, शासन गर्न सक्ने, समुदाय परिचालन गर्न सक्ने, स्रोत परिचालन गर्न सक्ने, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सक्ने, शिक्षक व्यवस्थापन गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्नेतर्फ ध्यान पुऱ्याउनु जरूरी देखिएको छ ।

### *शासनाधिकार, जवाफदेहिता तथा पारदर्शिता*

शिक्षा सुधारको उद्देश्य विद्यालयलाई स्वशासित बनाउनु, विद्यालयका सरोकारवाला र अधिकारीहरूलाई समुदायप्रति जिम्मेवार तथा जवाफदेही बनाउनु भए तापनि शिक्षा ऐन, नियम तथा निर्देशिकाका मुख्य कार्यहरू, जस्तै - मापदण्डको निर्धारण, पाठ्यक्रमको निर्धारण तथा निर्माण, शिक्षक नियुक्ति, सेवा तथा सर्तहरूको निर्धारण/मूल्याङ्कन, परीक्षा प्रणाली निर्धारण आदि केन्द्रले निर्माण गर्ने स्वतन्त्रता दिइएको छ । यसैगरी शिक्षकको नियुक्तिका विषयमा जिल्ला शिक्षा कार्यालय तथा त्यहाँ कार्यरत व्यक्तिहरूले प्रभाव पारेको पाइन्छ । साथै विभिन्न राजनीतिक सङ्घसङ्गठन तथा शिक्षक सङ्घसङ्गठनहरूको दवावमा पनि वि.व्य.स.ले आफ्नो अधिकार प्रयोग गर्न पाएको अवस्था छैन । तसर्थ वि.व्य.स. र अ.शि.स.ले आफ्नो अधिकार प्रयोग गर्नुभन्दा आफू शासित भएको अनुभूति गरेका छन् ।

अर्कोतर्फ, विद्यालयका समितिहरू समुदाय र विद्यार्थीप्रति बढी उत्तरदायी पाइएका छन् । पूर्वाधारको विकास, शिक्षक व्यवस्थापन, समुदाय परिचालन, आर्थिक तथा अन्य स्रोत परिचालन, सुविधाहरूको विकास, अभिभावकहरूको बैठक, उपसमितिको निर्माणजस्ता कार्यक्रममा अभिभावकहरूलाई समावेश गराउने प्रयासले समिति समुदायप्रति उत्तरदायी र जवाफदेही भएको छनक दिन्छ ।

यसै गरी विद्यालयका सम्पूर्ण कार्यक्रमहरूको खर्च तथा आम्दानीको विवरण आमअभिभावकको बीचमा प्रस्तुत गर्नुपर्ने र सामाजिक लेखा परीक्षण गर्नुपर्ने कुराहरूले पनि विद्यालयका गतिविधिहरू पारदर्शी बनाउन सहयोग गरेको देखिन्छ ।

विद्यालयलाई सरकारबाट कति बजेट आयो, अन्य सरकारी, गैरसरकारी, स्थानीय सङ्घसंस्थाहरू र व्यक्तित्वहरूले कति र कस्तो सहयोग गर्दैछन्, विद्यालयको स्रोत कसरी सदुपयोग र खर्च गरिएको छ भन्ने विषयमा अभिभावकहरूको चासो बिस्तारै बढ्दै जानाले विद्यालय पारदर्शी हुनेतर्फ अग्रसर भएको आभास मिल्दछ ।

## निष्कर्ष

विद्यालयको व्यवस्थापन र नियन्त्रण समाजका उच्च तथा प्रभावशाली समूहले गरेको पाइन्छ । यसै गरी वि.व्य.स. र अ.शि.स.का अध्यक्ष तथा सदस्यहरूमा गैरअभिभावक तथा राजनीतिक कार्यकर्ताहरूको पनि संलग्नता रहेको छ । यद्यपि प्रचलित नियमले वि.व्य.स.लाई विद्यालयको सम्पूर्ण जिम्मेवारी दिएर शक्तिशाली तथा आधिकारिक बनाएको छ । तर सदस्यहरूको तुलनामा अध्यक्ष सम्पूर्ण पक्षहरूमा सक्रिय रहेको पाइन्छ । वि.व्य.स. मुख्यत: सुविधाहरूको विकास, शिक्षकहरूको व्यवस्था तथा आर्थिक स्रोत सङ्कलनमा सक्रिय रहे तापनि यसको भूमिकालाई अधिकारभन्दा कार्य मान्न सकिन्छ । शिक्षक छनोट तथा नियुक्तिका लागि वि.व्य.स.लाई अधिकार दिइए तापनि उक्त प्रक्रिया जिल्ला शिक्षा कार्यालय र शिक्षक सङ्गठनहरूद्वारा प्रभावित बनेको छ ।

शिक्षा ऐन, नियम र निर्देशिकाले प्र.अ.लाई प्रशासकीय अधिकार दिए तापनि प्र.अ.को नेतृत्वको भूमिका महत्वपूर्ण पाइएको छ । विद्यालयको निर्णय, कार्यान्वयन, सम्पर्क, स्रोत परिचालनजस्ता कार्यमा प्र.अ.को भूमिका प्रभावकारी तथा अग्रगामी छ । अर्कोतर्फ, अ.शि.स.बाट विद्यालयले महत्वपूर्ण सहयोग नपाउने कारणले उनीहरूको भूमिका वैधानिक मात्र देखिन्छ । यसै गरी विद्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्न केही प्रयासहरू भए तापनि सरोकारवालाहरूको क्षमता अभिवृद्धितर्फ कुनै ध्यान दिइएको देखिँदैन । शिक्षा सुधारको अभिप्राय विद्यालयलाई स्वायत्त बनाउनु भए तापनि विद्यालयले स्वतन्त्ररूपमा कार्य गर्न भने पाएको छैन । शिक्षा सुधारमा वि.व्य.स. र अ.शि.स. को भूमिकालाई महत्व दिइए तापनि व्यवहारमा तिनलाई महत्वपूर्ण मानिएको देखिँदैन । अत: विद्यालय व्यवस्थापन तथा सञ्चालन कार्यमा स्थानीय सरोकारवालाहरूको संलग्नता अपेक्षित देखिँदैन ।

## सुझावहरू

यस अध्ययनले स्थानीय तहको सशक्तीकरणका साथै कानुनी सुधारमा पनि जोड दिनुपर्ने कुरा जनाउँछ । विद्यालय शासन व्यवस्थाको सुधारका लागि यस अध्ययनले देहायका विशेष सुझावहरू प्रस्तुत गर्दछ -

- शिक्षा क्षेत्रसँग सरोकारवालाहरूको भूमिका र कार्यहरू अझ सशक्त बनाउनुपर्दछ ।
- अ.शि.स.लाई शिक्षक तथा अभिभावक सहयोग, आर्थिक स्रोत सङ्कलन तथा परिचालन, विद्यालयमा कार्यक्रम सञ्चालन, सचेतना निर्माण जस्ता भूमिकाहरू दिनुपर्दछ ।
- प्र.अ.लाई दैनिक कार्यमा मात्र सीमित नराखी नेतृत्वदायी भूमिका प्रदान गर्नुपर्दछ ।
- वि.व्य.स. र अ.शि.स.को क्षमता अभिवृद्धिसम्बन्धी नीति तथा प्रावधान स्पष्ट हुनुपर्दछ ।
- विद्यालयको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनुपर्दछ ।

- वि.व्य.स. र अ.शि.स.को चाहना, आवश्यकता र समस्याहरूलाई सम्बोधन गर्न केन्द्रदेखि जिल्लातहसम्म आवश्यक संरचना निर्माण गर्नुपर्दछ ।
- स्थानीय समुदाय र अभिभावकप्रति उत्तरदायी बनाउन वि.व्य.स.लाई सशक्त बनाउनुपर्दछ र आधिकारिक निकाय बनाउनुपर्दछ ।
- अभिभावकहरूलाई सामाजिक लेखा परीक्षणको महत्वका बारेमा सचेत बनाउनुपर्दछ ।
- परिवर्तित सन्दर्भमा स्थानीय निकायहरूलाई स्थानीय विद्यालय व्यवस्थापन, सञ्चालन तथा शासनका लागि अर्थपूर्ण भूमिकाहरू दिनुका साथै शैक्षिक शासनमा पनि बहुस्तर शासन (Multi-level governance) प्रणालीलाई उपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

# कक्षाकोठामा उत्तम पठन-पाठनको अभ्यासका अवस्थाहरू तथा प्रावधानहरू

## पृष्ठभूमि

प्राथमिक शिक्षा विकास परियोजना, प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना/कार्यक्रम १ तथा २ र सबैका लागि शिक्षा हुँदै नेपालको शैक्षिक विकास हाल विद्यालय क्षेत्र सुधार कार्यक्रमसम्म पुगेको छ । यी परियोजना/कार्यक्रमहरूसँग सम्बन्धित दस्तावेजहरूले नेपालका विद्यालयहरूमा हुने शिक्षण-सिकाइका सन्दर्भमा बाल-केन्द्रित शिक्षालाई परिकल्पना र ध्येयका रूपमा जोड दिएको र अगाडि बढाएको पाइन्छ । सबैका लागि शिक्षा र विद्यालय क्षेत्र सुधार कार्यक्रमका दस्तावेजहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षाको उपलब्धता सुनिश्चित गर्नका लागि विविधतामा आधारित शिक्षाको परिकल्पना गरेको छ ।

नेपालमा गुणस्तरीय प्राथमिक शिक्षासम्बन्धी ध्येय र अठोटले एकपछि-अर्को परियोजना/कार्यक्रमहरूमा निरन्तरता पाउँदै आएको छ । यसका साथै गुणस्तरीय शिक्षालाई परिभाषित गर्ने र यसलाई बालबालिकाको सिकाइसँग जोड्ने पक्षमा समेत क्रमश: परिमार्जन हुँदै आएको छ । आधारभूत प्राथमिक शिक्षा परियोजना/कार्यक्रमले पाठको उद्देश्य प्राप्तिका लागि उपयुक्त शिक्षण विधिको प्रयोगमा जोड दिएको थियो । सबैका लागि शिक्षा कार्यक्रमको सैद्धान्तिक दस्तावेजले कण्ठ गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने र शिक्षकले कक्षाका सम्पूर्ण विद्यार्थीलाई समजातिय एकाइ (Homogenous units) का रूपमा व्यवहार गर्न नहुनेजस्ता आवश्यकतातर्फ औँल्याएको पाइन्छ । विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यार्थीद्वारा स्वतन्त्र रूपमा सिक्ने पद्धतिको प्रवर्द्धन, पाठ्यक्रमको स्थानीयीकरण, कक्षा ३ सम्म मातृभाषामा शिक्षण, आवश्यकताअनुसार परिर्वतन गर्न सकिने शैक्षणिक व्यवस्थाजस्ता कुराहरू प्रस्ताव गरेको छ । हाल नेपालमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट थुप्रै यस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसको उद्देश्य विद्यालयको कक्षाकोठामा अपनाइने शिक्षण विधिको सुधार गर्नु रहेको छ ।

## उद्देश्यहरू

यस अध्ययनले सरकारी निकाय तथा गैरसरकारी स्तरबाट सञ्चालित प्रवर्तनात्मक कार्यक्रमहरूमार्फत शैक्षणिक सुधारका निम्ति उपलब्ध प्रदेयहरूलाई समेटेको छ । यी दुबै स्रोतहरूबाट उपलब्ध प्रदेयहरूको कार्यान्वयन पक्ष एवम् सम्बन्धित दस्तावेजहरूको व्यापक अध्ययनका आधारमा नेपालका विद्यालयहरूको कक्षाकोठामा अपनाइने शिक्षण विधिको सुधारका लागि एक कार्यढाँचा प्रस्ताव गर्ने जमर्कोसमेत यस अध्ययनले गरेको छ । विशेष गरी यस अध्ययनले निम्न अनुसन्धान प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरेको छ -

- पाठ्यक्रमजन्य सहयोग र शिक्षक तयारीका क्षेत्रमा भएका प्रयासहरूले कक्षाकोठामा हुने शिक्षण-सिकाइको सुधारमा कत्तिको सहयोग पुगेको छ ?
- प्रवर्तनात्मक कार्यक्रमहरूले ल्याएका शैक्षिक सुधारहरूलाई संस्थागत गर्न के गर्नुपर्ला ?
- कक्षाकोठामा हुने शिक्षण सिकाइमा सुधार ल्याउन नीतिगत तह, शिक्षक व्यवस्थापन, शिक्षक तालिम, पाठ्यक्रम, शैक्षणिक सहयोग र भौतिक पूर्वाधार आदि पक्षमा लागू गर्नुपर्ने सुधारको ढाँचा कस्तो हुनुपर्दछ ?

## अध्ययन विधि

यस अध्ययनमा मुख्य रूपमा तीनओटा अध्ययन रणनीतिहरू – सैद्धान्तिक, सरोकारवालाहरूबाट प्राप्त जानकारीमा आधारित र व्यवहारगत अभ्यास उपयोग गरिएका छन् । अध्ययनका निम्ति उपलब्ध गराइएको अनुसन्धान प्रश्नहरूमा आधारित गरेर पाठ्यक्रमजन्य सहयोग र शिक्षक तयारीको क्षेत्रमा भएका प्रयासहरू (प्रश्न १) र प्रवर्तनात्मक कार्यक्रममा गरिएका प्रयोग र प्राप्त उपलब्धिहरू (प्रश्न २) का सन्दर्भमा कक्षाकोठामा हुने क्रियाकलाप र अभ्यासको अध्ययन र विश्लेषण गरिएको

छ । हालका सुधार प्रयासहरू र प्रवर्तनात्मक कार्यक्रमहरूबाट सिक्न सकिने पाठहरूको निक्यौंल गर्न नीति, कार्यक्रम र कार्यान्वयन तहका सरोकारवालाहरूबाट प्राप्त जानकारीहरू निकै नै उपयोगी सिद्ध भए । यी जानकारीहरूबाट कक्षाकोठामा हुने शिक्षण-सिकाइको सुधारका निम्ति आवश्यक कार्यढाँचा (प्रश्न ३) तयार गर्नमा समेत सहयोग प्राप्त भयो । उक्त कार्यढाँचा तयार गर्नुको अर्को महत्त्वपूर्ण उद्देश्य हो – सहयोग प्रावधान र प्रवर्तनात्मक कार्यक्रमअन्तर्गतका योजना र क्रियाकलापहरूसँग सम्बन्धित वैचारिक पक्ष केलाउनु र शिक्षण-सिकाइको सुधारका निम्ति राष्ट्रिय कार्यढाँचाको विकास गर्न मार्ग प्रशस्त गर्नु ।

यस अध्ययनमा मोरङ, सुनसरी, रसुवा, काभ्रे, सिन्धुपाल्चोक र डडेल्धुरा जिल्लाका १२ ओटा विद्यालयहरू समावेश गरिएका थिए । छलफल कार्यका लागि जिल्लाका अन्य विद्यालयका सरोकारवालाहरूलाई समेत सहभागी गराइएको थियो ।

## मुख्य प्राप्तिहरू

### *पाठ्यक्रम*

- मातृभाषामा शिक्षण, स्थानीय पाठ्यक्रम, जीवनोपयोगी सीपमा आधारित शिक्षा एवं निरन्तर मूल्याङ्कन पद्धतिको प्रावधान र बढी स्पष्ट र प्रयोग गर्न बढी सजिलो भएका कारण सरोकारवालाहरूले परिमार्जित पाठ्यक्रमलाई बढी सान्दर्भिक र उपयोगी ठानेको पाइयो ।
- स्थानीय पाठ्यक्रमको परीक्षण जसरी गरियो, त्यसले स्थानीय पाठ्यक्रमलाई राष्ट्रिय स्तरमा सफलतापूर्वक लागू गर्नका लागि आवश्यक सहयोग र सिक्नुपर्ने पाठहरू उपलब्ध गराउन सकेको पाइएन ।
- विद्यालयहरूमा स्थानीय पाठ्यक्रमअन्तर्गत राखिने विषय र विषयवस्तुको छनोट र त्यसको पठनपाठनका लागि अपनाउनुपर्ने शैक्षणिक रणनीतिका सम्बन्धमा अलमल रहेको पाइयो ।
- जीवनोपयोगी सीपका सम्बन्धमा स्पष्ट मार्गनिर्देशन राखिनु परिमार्जित पाठ्यक्रमको उल्लेखनीय पक्ष हो । तर कक्षाकोठामा हुने शिक्षण-सिकाइमा जीवनोपयोगी सीपको प्रयोग राम्ररी गर्न सकेको देखिएन ।
- पाठ्यक्रमको परिमार्जनसँगै पाठ्यक्रम विकास केन्द्रले नयाँ पाठ्यपुस्तक तयार पारेको छ, जसका विशेषताहरू यसप्रकार छन् -
    - शिक्षकका लागि पाठशिक्षणसम्बन्धी निर्देशनको उल्लेख
    - दुई रङ्को प्रयोग
    - चित्रहरू (पर्याप्त सङ्ख्यामा)
    - अक्षरहरू ठूला, पढ्न सकिने
    - गर्नुपर्ने अभ्यासहरू पुस्तकमै राखिएका
    - पाठ्यक्रमसँग मेलखाने पाठहरू सिकाइउपलब्धिको क्रमसँग मिल्ने गरी राखिएका
    - भाषास्तर कक्षाअनुसार उपयुक्त

शिक्षक र विद्यार्थीहरूले नयाँ पाठ्यपुस्तकलाई बढी उपयोगी ठानेको र रुचाएको पाइयो ।

## शिक्षक तयारी र सहयोग

- परिमार्जित पाठ्यक्रम र नयाँ पाठ्यपुस्तकसम्बन्धी प्रबोधीकरण/तालिम विद्यालय तहमा पुग्नै नसकेको वा विद्यालयका प्रधानाध्यापक/प्राथमिक तह इन्चार्जसम्म पुगेको भए पनि बाँकी

शिक्षकमाझ यसबारे छलफल नभएको पाइयो । यसरी शिक्षकहरूलाई आवश्यक रूपमा तयार नगरीकनै परिमार्जित पाठ्यक्रम र नयाँ पाठ्यपुस्तक लागू गर्नु त्रुटिपूर्ण देखिन्छ ।

- आवश्यक शैक्षिक सामग्री र प्राविधिक सबलीकरणका लागि सहयोगको अभावमा परिमार्जित पाठ्यक्रम र नयाँ पाठ्यपुस्तकको सफल कार्यान्वयनमा बाधा पुगेको पाइयो ।
- शिक्षकहरू पाठ्यपुस्तक नहुँदा पाठ्यक्रम प्रयोग गरेर शिक्षण गर्न असक्षम रहेको पाइयो । त्यसैले विद्यालयहरूमा पाठ्यपुस्तक नहुनु भनेको शिक्षण सिकाइ नहुनुको स्थिति देखिन्छ ।

**प्रवर्तनात्मक कार्यक्रम**

- प्रवर्तनात्मक कार्यक्रम लागू भएका विद्यालयहरूमा कक्षाकोठासहित विद्यालयको सम्पूर्ण भौतिक पक्ष, विद्यालयको व्यवस्थापन, शिक्षकको पूर्व तयारी र शिक्षण विधि आदि पक्षमा सुधार आएको पाइयो ।
- कार्यक्रमबारे जानकारी र त्यसप्रति सकारात्मक धारणाको विकास, कार्यक्रममा सहभागिता र सहयोग एवं कार्यक्रमले ल्याएको सुधारप्रतिको सन्तुष्टि आदि कारणले समुदाय र विद्यालयबीचको सम्बन्ध अझ सुदृढ भएको पाइयो ।
- प्रवर्तनात्मक कार्यक्रमले ल्याएका सुधारहरूलाई संस्थागत गर्नेतर्फ समयमै ध्यान दिनुपर्ने कुरामा सरोकारवालाको जोड रहेको पाइयो ।

**कार्यढाँचा**

- विद्यालय शिक्षामा सुधारका लागि कार्यढाँचाको प्रारूप तयार गरी पेस गरिएको छ । यो कार्यढाँचामाथि ठूलो समूहमा छलफल चलाइ यसलाई परिमार्जन गर्नु आवश्यक छ ।
- शिक्षा विभाग/जिल्ला शिक्षा कार्यालयले विद्यालयहरूमा विद्यार्थी शिक्षक अनुपातको मापदण्ड लागू गर्न नसकेको देखिन्छ ।
- सरोकारवालाहरूले निजी प्राथमिक शिक्षक तालिम केन्द्र र वैकल्पिक प्रदायक (Alternative provider) हरूले प्रदान गर्ने गुणस्तरहीन तालिम र त्यसले पार्ने प्रभाव प्रति चिन्ता व्यक्त गरेको पाइयो ।
- विद्यालयस्तरीय शैक्षिक सुधारका लागि शिक्षा विभाग र साझेदार संस्थाबीच प्राविधिक र आर्थिक सहयोगको सम्बन्धलाई अझ सुदृढ गर्नुपर्ने देखिन्छ ।

**सुझावहरू**

- हाल लागू गरिएको परिमार्जित पाठ्यक्रम र नयाँ पाठ्यपुस्तकका सम्बन्धमा सबै शिक्षकहरूलाई र अन्य सरोकारवालाहरूलाई अविलम्ब अभिमुखीकरण/तालिम उपलब्ध गराइनुपर्दछ । साथै भविष्यमा कुनै पनि पाठ्यक्रम र पाठयपुस्तक लागू गर्नुअगावै सरोकारवालाहरूलाई त्यससम्बन्धी प्रबोधीकरण/तालिम उपलब्ध गराउने व्यवस्था सुनिश्चित गरिनुपर्दछ ।
- स्थानीय पाठ्यक्रम, मातृभाषामा शिक्षण र जीवनोपयोगी सीपमा आधारित शिक्षा एवं निरन्तर मूल्याङ्कन पद्धतिका सम्बन्धमा र तिनको राष्ट्रियस्तरमा कार्यान्वयन र सुधारसम्बन्धी रणनीतिका बारेमा सरोकारवालाहरूलाई स्पष्ट पारिदिनुपर्दछ ।
- पाठ्यपुस्तक नभएको अवस्थामा पाठ्यक्रमका आधारमा शिक्षण कसरी गर्ने भन्नेबारे शिक्षक तालिमहरूमा अभ्यास गराइनुपर्दछ ।
- प्रवर्तनात्मक कार्यक्रम र परीक्षण कार्यक्रमहरूबाट सिक्नुपर्ने पाठहरू निक्यौल गरी तिनलाई राष्ट्रियस्तरमा कार्यान्वयन गर्न उपयुक्त संयन्त्रको निर्माण गरिनुपर्दछ ।

- विद्यालयमा सामूहिक भावनाको विकासका लागि उपयुक्त वातावरणको निर्माण र सरोकारवालाहरूलाई आवश्यक तालिम उपलब्ध गराइनुपर्दछ ।
- विद्यालयलाई बाल-मैत्री क्षेत्रका रूपमा विकास गर्न आवश्यक योजना, कार्यक्रम र बजेटको व्यवस्था सुनिश्चित गर्न शिक्षासँग सम्बन्धित नीति, ऐन र नियमावलीमा बाल-मैत्री विद्यालयको अवधारणा समावेश गरिनुपर्दछ ।
- आगामी वर्षहरूमा यस अध्ययनले प्रस्ताव गरेको कार्यढाँचाको प्रारूपउपर व्यापक छलफल चलाई त्यसलाई अन्तिम रूप दिइनुपर्दछ ।

# सुविधाविहीन बालबालिकाका शिक्षासम्बन्धी अधिकारः विद्यमान अवस्था र चुनौती

## पृष्ठभूमि

शिक्षा प्रत्येक बालबालिकाको मौलिक अधिकार हो । गरीबी र चेतनाको कमीले गर्दा सुविधाविहीन समूहका बालबालिका गुणस्तरीय शिक्षावाट वन्चित हुनुपरेका छन । सबैका लागि शिक्षा २००४-२००९ अन्तर्गत नेपालमा शिक्षाको पहुँच सबैमा पु¥याउन धेरै प्रयासहरू भएका छन् । सरकारले गुणस्तरीय शिक्षा प्रदान गर्न प्रयत्न गर्दै आएको छ । यति हुँदाहुँदै पनि सुविधाविहीन बालबालिकाहरूलाई उपयुक्त शिक्षा दिने कार्य अझै अपर्याप्त देखिन्छ ।

न्यून सहभागिता, न्यून आन्तरिक कार्यकुशलता (Efficiency), कक्षा छोड्ने उच्च दर र न्यून उपलब्धिस्तरको निरन्तरता, र अपर्याप्त पहुँच आदि जस्ता समस्याहरू विशेषत: सुविधाविहीन समूहमा देखिन्छन् ।

उपर्युक्त सन्दर्भमा वर्तमान अध्ययनले “सुविधाविहीन बालबालिकाका शिक्षासम्बन्धी अधिकार” लाई केन्द्रबिन्दु बनाई त्यससँग सम्बन्धित अवस्था र चुनौतीहरूको विश्लेषण गर्ने प्रयास गरेको छ ।

## अनुसन्धान प्रश्नहरू

यस अध्ययनले निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरेको छ -

- सुविधाविहीन समूहका बालबालिकाको अधिकारमा आधारित शिक्षाका लागि प्रमुख आधारहरू के-के हुनुपर्दछ ?
- सुविधाविहीन बालबालिकाको शिक्षामा देखापरेका विविध अवरोधहरू के-के हुन् ?
- सरकार, गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सुविधाविहीन समूहका बालबालिकाका शैक्षिक आवश्यकताहरूलाई सम्बोधन गर्न के-कस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् ?
- सुविधाविहीन बालबालिकाका शैक्षिक अधिकारको सुनिश्चितताका लागि के-कस्ता उपायहरू अपनाउनुपर्दछ ?

## अध्ययन विधि

यस अध्ययनमा नेपालका तीन भौगोलिक क्षेत्रहरू तराई, पहाड र हिमालको प्रतिनिधित्व हुने गरी जम्मा ५ जिल्ला छनोट गरिएको थियो । त्यस्तै, प्रत्येक जिल्लाबाट सुविधाविहीन समूहका दुई-दुई समुदायलाई सर्वेक्षणमा समेटिएको थियो । सुविधाविहीन समूह छुट्याउन २००१ मा लिइएको राष्ट्रिय जनगणनाले देखाएको साक्षरता स्थिति र शिक्षा विभागले पहिचान गरेका लक्षित समूहलाई आधार मानियो ।

उक्त अध्ययनका लागि तराईको कैलालीबाट थारु र नवलपरासीबाट मुसहर, पहाडको धादिङबाट चेपाङ, हिमालको रसुवाबाट तामाङ र काठमाडौंबाट माइती नेपालद्वारा सञ्चालित टेरेसा एकेडेमी तथा सुकुम्बासी बस्तीलाई तथ्याङ्क सङ्कलनमा संलग्न गरिएको थियो ।

पारिवारिक सर्वेक्षण, समुदाय सर्वेक्षण, विद्यालय जाने/नजाने बालबालिकासँग लक्षित समूह छलफल, शिक्षक तथा प्रधानाध्यापकसँग अन्तर्वार्ता र विद्यार्थीहरूको वैयक्तिक अध्ययनद्वारा सामग्री सङ्कलन गरिएको थियो । यसका अतिरिक्त प्रत्येक जिल्लामा कार्यशाला गोष्ठी पनि सञ्चालन गरिएको थियो ।

**मुख्य प्राप्तिहरू**

यस अध्ययनका मुख्य प्राप्तिहरू निम्न रहेका छन् -

*अधिकारमा आधारित शिक्षाका लागि आवश्यक पूर्वाधारहरू*

- अभिभावकहरूमा शैक्षिक चेतना, बालबालिकालाई प्रदान गरिने उत्प्रेरणा र प्रोत्साहनको कमी रहेको पाइयो ।
- शिक्षाप्रतिको पहुँचअन्तर्गत घरनजिक विद्यालयको उपलब्धतामा कमी, उपयुक्त उमेरमा भर्ना नहुने, नियमित रूपमा विद्यालय जान नपाउने र अभिभावकका लागि आयआर्जनसम्बन्धी कार्यक्रमको कमी भएको कुरा यस अध्ययनले देखाएको छ ।
- स्वीकारयोग्य शैक्षिकस्तरअन्तर्गत विद्यालयमा आधारभूत भौतिक सुविधा, योग्य शिक्षक, बाल-मैत्री वातावरण, अतिरिक्त क्रियाकलाप, गृहकार्यका लागि समयको अभाव र स्वास्थ्योपचारको अवस्था कमजोर रहेको पाइयो ।
- स्थानीय क्षेत्रको अनुकूलताअनुरूपको शैक्षिक समायोजनका सन्दर्भमा स्टेसनरी, पोसाक, झोला र खाजा, सुधारात्मक कक्षाहरू, शिक्षणमा मातृभाषाको प्रयोग र उमेरअनुसार कक्षा उकास्ने स्थिति हुन नसकेको स्थिति आदि कुरा उत्तरदाताबाट अवगत भएका छन् ।

*शैक्षिक अधिकारको उपयोगमा देखापरेका अवरोधहरू*

- भौगोलिक अवरोधअन्तर्गत धरातलीय स्वरूप र घरदेखि विद्यालयसम्मको दूरी
- आर्थिक अवरोधमा परिवारको न्यून आर्थिकस्तर
- परिवारसम्बन्धी अवरोधअन्तर्गत परिवारका काममा बालक एवम् बालिकाको संलग्नताका कारण गृहकार्य गर्ने समयको अभाव
- मनोवैज्ञानिक अवरोधअन्तर्गत विद्यार्थीहरूको उमेर नमिल्नु, छात्र एवम् छात्राका निमित्त छुट्टै शौचालयको कमी
- विद्यालयसँग सम्बन्धित अवरोधहरूमध्ये सिकाइ सामग्रीको अभाव र मातृभाषामा पढ्न नपाउने स्थिति
- सामाजिक-सांस्कृतिक अवरोधहरूमा छुवाछुत, लैङ्गिक भेदभाव, नसालु पदार्थको प्रयोग, बालविवाह र चाडपर्वमा बढी संलग्नता
- राजनीतिक अवरोधअन्तर्गत बन्द, हडताल र विद्यालयमा गरिने राजनीतिक क्रियाकलाप ।

*सरकारी तथा गैरसरकारी निकायबाट भएका प्रयासहरू*

- सरकारी निकायमा शिक्षा विभाग, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय र गाउँ विकास समिति रहेका छन् । छात्रवृत्ति, निर्माण, प्रशिक्षण आदि क्षेत्रमा यिनको योगदान रहेको पाइयो ।
- गैरसरकारी निकाय वा संस्थामध्ये रसुवाको मानेकोर सोसाइटी, आदिवासी जनजाति महासङ्घ, कृषि वन प्रतिष्ठान, कैलालीको बेस, लुथरन इन्टरनेशनल, सेभ द चिल्ड्रेन, वर्ल्ड एजुकेसन, धादिङको चेपाङ सङ्घ, प्रजा विकास कार्यक्रम, नवलपरासीमा दलित महासङ्घ, बोटे, माझी तथा मुसहर कल्याण समिति र काठमाडौंमा माइती नेपाल जस्ता संस्थाले महत्वपूर्ण योगदान पुऱ्याएको पाइयो ।

*शिक्षासम्बन्धी अधिकारलाई सुनिश्चित गर्ने उपायहरू*

- बालबालिकाका शैक्षिक अधिकारसम्बन्धी नियमलाई स्पष्ट पार्ने ।
- जनसमुदायलाई बालबालिकाका शैक्षिक अधिकारलाई सुनिश्चित गर्ने कार्यप्रति सचेत बनाउने ।

- बालबालिकालाई विद्यालयमा अनिवार्य रूपमा ल्याउने र प्रत्येक समुदायमा विद्यालय विस्तार गर्ने ।
- पर्याप्त स्रोत/साधन उपलब्ध गराई विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने ।
- सुविधाविहीन बालबालिकालाई विशेष सुविधाहरू उपलब्ध गराउने ।

*सरोकारवाला समूहहरूको उत्तरदायित्व*

- बालबालिकालाई विद्यालय पठाउन समुदायले अभिभावकलाई सम्झाउने ।
- विद्यालय तथा गाउँ विकास समितिले शिक्षण-सिकाइका निमित्त उपयुक्त वातावरण सिर्जना गर्ने ।
- जिल्ला शिक्षा कार्यालयले खेलकुदका सामग्री, पाठ्यपुस्तक र छात्रवृत्ति उपलब्ध गराउने र शिक्षकको दरबन्दी निश्चित गर्ने ।
- जिल्ला विकास समितिले विद्यालयका निमित्त आर्थिक सहयोग उपलब्ध गराउने र छात्रवृत्तिको व्यवस्था गर्ने ।
- राष्ट्रियस्तरका सरकारी निकायले निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, छात्रवृत्ति र खाजा उपलब्ध गराउने र शैक्षिक नियम/कानुन बनाउने ।

## सुझावहरू

अध्ययनका प्राप्तिका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ -

- अभिभावक र समुदायका व्यक्तिहरूमा चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।
- थारू, चेपाङ, मुसहर, तामाङ् आदि समुदायमा हालसम्म पनि बालविवाहको प्रचलन रहेकाले विद्यमान स्थितिमा परिवर्तन ल्याउन सरकारले निर्धारण गरेको विवाहको उमेर लागू गर्न प्रेरित गर्ने ।
- कक्षा तीनसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था मिलाउने । यसका निमित्त विद्यालयमा स्थानीय मातृभाषाकै एक शिक्षक नियुक्त गर्ने ।
- आर्थिक पक्षसम्बन्धी समस्या समाधान गर्न विद्यालय स्तरमा नै स्रोत सङ्कलन गर्ने । सरकारले पुस्तकालयको व्यवस्थापनका लागि कोष स्थापना गर्न सहयोग गर्ने ।
- स्वास्थ्यसम्बन्धी समस्या समाधान गर्न विद्यालयमा प्राथमिक उपचारका सामग्रीहरूको अनिवार्य रूपमा व्यवस्था मिलाउने ।
- विद्यालयमा बालबालिकाको अनियमितता र कक्षा छोड्ने स्थितिमा सुधार ल्याउन अभिभावकलाई शिक्षाको महत्वबारे सचेत गराउने । यसका लागि अन्तरक्रिया र प्रोत्साहन दिने कार्यक्रम चलाउने ।
- भौगोलिक दृष्टिले विकट रहेका रसुवाको गोम्चेत जस्ता स्थानमा पूर्वप्राथमिक वा प्रारम्भिक बालविकास केन्द्रको स्थापना गर्ने ।

# प्राथमिक विद्यालयमा समाहित शिक्षाको संस्थागत विकासका चुनौती तथा सम्भावनाहरू

## पृष्ठभूमि

नेपाल सरकारले सबै बालबालिकालाई शिक्षाको मूल प्रवाहमा समाहित गरी सबैका लागि शिक्षाको लक्ष्यलाई आफ्नो मार्गदर्शन मानेर विभिन्न प्रकारका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यसप्रकारका कार्यक्रमहरूमध्ये समाहित शिक्षा पद्धति शैक्षिक क्षेत्रबाट पिछडिएका वर्गहरूलाई मूल प्रवाहमा ल्याउने एउटा प्रमुख कार्यक्रम रहेको छ । नेपाल सरकार, शिक्षा मन्त्रालयले समाहित शिक्षा कार्यक्रम सन् २००१ देखि परीक्षणका रूपमा चारओटा जिल्लाको १२ ओटा विद्यालयमा सञ्चालन गरी २००४ देखि मुख्य कार्यक्रमका रूपमा अगाडि बढाएको छ । सबैका लागि शिक्षा सन् २००४–०९ भित्र ५०० ओटा विद्यालयमा समाहित शिक्षा लागू गर्ने कार्यक्रम रहे तापनि हालसम्म जम्मा २१० ओटा विद्यालयमा यो कार्यक्रम लागू गरिएको छ । यस्तै गरी, सन् २००८ सम्म देशभर ३३० स्रोतकक्षा, १९ ओटा सघन विद्यालय र ४७ ओटा लेखाजोखा केन्द्र सञ्चालनमा रहेका छन् ।

## उद्देश्यहरू

यस अध्ययनको मुख्य उद्देश्य समाहित शिक्षालाई प्राथमिक तहमा संस्थागत स्वरूपमा विकास गर्न के-कस्ता चुनौतीहरू रहेका छन् र निकट भविष्यमा नै यस कार्यक्रमलाई विस्तार गर्न के-कस्ता कदमहरू चाल्नुपर्दछ भन्ने कुराहरूको विश्लेषण गर्नु रहेको छ ।

यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्नप्रकारका छन् -

- समाहित शिक्षाको शुरुआत गर्न परीक्षणका रूपमा सञ्चालित समाहित विद्यालयका योगदानहरूको पहिचान गर्ने,
- ४५ दिने विशेष शिक्षाको शिक्षक तालिम र ६ दिने समाहित शिक्षा अभिमुखीकरण कार्यक्रमको विश्लेषण गर्ने,
- लेखाजोखा केन्द्रको सूचना सङ्कलन, संयोजन र अपाङ्गताको लक्षण हेरी सिफारिस गर्ने कार्यको मूल्याङ्कन गर्ने,
- स्रोतकक्षा/सघन कक्षाका कठिनाइहरूको पहिचान गर्ने,
- समाहित शिक्षाको प्रारूप विकास गर्न सरोकार समूहसँग छलफल गर्ने ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक पद्धतिमा आधारित छ । विशेष गरी यस अध्ययनका लागि आवश्यक तथ्याङ्क प्राथमिक स्रोतबाट सङ्कलन गरिएको थियो । अध्ययनमा ६ ओटा जिल्लाका १६ ओटा विद्यालय समावेश गरिएको थियो । यसका साथै यस अध्ययनमा ६ ओटा जिल्ला शिक्षा कार्यालय र ६ ओटा लेखाजोखा केन्द्र पनि समावेश गरिएका थिए ।

## मुख्य प्राप्तिहरू

यस अध्ययनका मुख्य प्राप्तिहरू निम्नानुसार छन् –

- परीक्षण गरिएका विद्यालयहरूले समाहित शिक्षा पद्धतिलाई आंशिक रूपमा अङ्गीकार गरे तापनि पूर्ण रूपमा यसको विस्तार गरिएको पाइएन । सामान्यतया समाहित शिक्षा लागू भएका विद्यालयका राम्रा पक्षहरू अन्य विद्यालयहरूमा विस्तार गरेको देखिएन ।
- स्रोत कक्षा र समाहित कक्षाका शिक्षकहरूलाई दिइएको विशेष तालिम कक्षाकोठामा पूर्ण उपयोग भएको देखिँदैन ।

- लेखाजोखा केन्द्रले अपाङ्गताको वर्गीकरण गरी सिफारिस गर्ने प्रचलन देखियो तर तथ्याङ्क सङ्कलन र संयोजन गर्ने कार्यमा केन्द्र संलग्न रहेको देखिएन ।

स्रोतकक्षाका समस्याहरू निम्नानुसार पाइयो–

- पाठ्यपुस्तक समयमा उपलब्ध नहुने
- छात्रावासको अभाव
- शिक्षक सङ्ख्याको कमी
- कोटा सङ्ख्याको कमी
- तालिमको अभाव

सघन कक्षाका समस्याहरू निम्नानुसार पाइयो –

- अपाङ्ग बालबालिकाका अभिभावकहरूलाई अभिमुखीकरण कार्यक्रमको अभाव
- दृष्टिविहीन र सुस्तश्रवणका लागि हालको पाठ्यक्रम र परीक्षा प्रणाली अनुपयुक्त हुनु
- कक्षाकोठामा विद्यार्थीको चाप अत्यधिकता
- स्रोत शिक्षकबाहेक अन्य शिक्षकलाई विशेष शिक्षा तालिमको अभाव ।

समाहित शिक्षाको भावी प्रारूपका सन्दर्भमा सरोकारवालाहरूले दिएका सुझावअनुरूप केन्द्रले नै यस शिक्षाका लागि विकेन्द्रीकरणका नीतिअनुसार कार्यक्रम तय गरी यसप्रकारका कार्यक्रम लागू गर्न तयार रहेका विद्यालयहरूलाई प्रोत्साहन गरेको देखिएन ।

## सुझावहरू

- परीक्षण गरिएका विद्यालयका राम्रा कुराहरू अन्य विद्यालयहरूमा विस्तार गर्नका लागि जिल्ला शिक्षा कार्यालयले चासो राख्नुपर्ने देखिन्छ ।
- अपाङ्ग बालबालिकाका लागि स्रोतकक्षा सञ्चालन गर्ने स्रोत शिक्षकहरूको तालिम अवधि ४५ दिनबाट कम्तीमा ३ महिना गराउनुपर्ने देखिन्छ ।
- विशेष शिक्षकलाई दिइने तालिम अन्य शिक्षकलाई पनि प्रदान गर्नुपर्दछ । विशेष शिक्षकसम्बन्धी तालिम प्याकेज १० महिने प्राथमिक शिक्षा आधारभूत तालिममा समावेश गर्नु आवश्यक छ ।
- दीर्घकालीन समस्या समाधानका लागि नेपालका विश्वविद्यालयको बी.एड.को पाठ्यक्रममा विशेष शिक्षा समावेश गरिनुपर्दछ ।
- लेखाजोखा केन्द्रलाई व्यवस्थित गर्न कम्तीमा अधिकृत स्तरको केन्द्र संयोजकको व्यवस्था हुनुपर्दछ ।
- स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरूमा अपाङ्ग बालबालिकाका लागि अनिवार्य रूपमा छात्रावासको व्यवस्था गर्नुपर्दछ साथै अपाङ्ग बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गरी सोअनुसार जिल्लामा कोटा निर्धारण गरिनुपर्दछ ।
- अपाङ्ग बालबालिकाका अभिभावकहरूका लागि नियमित रूपमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनुपर्दछ ।
- सुस्तश्रवण र दृष्टिविहीनका लागि छुट्टै पाठ्यक्रम, पाठ्यपुस्तक र परीक्षा प्रणालीको व्यवस्था गरिनुपर्दछ ।

- समाहित शिक्षा विकास गर्न केन्द्रले विकेन्द्रीकरण प्रणालीअनुरूप वार्षिक कार्यक्रम बनाई विद्यालयलाई कार्यक्रम लागू गर्न प्रोत्साहन गर्नुपर्दछ साथै विद्यालयले पनि समाहित शिक्षासम्बन्धी कार्यक्रम विद्यालय सुधार योजना र गाउँ विकास योजनामा उल्लेख गरी कार्यक्रमको माग गर्ने परिपाटीको थालनी गर्नुपर्दछ ।

# शिक्षाको मूलधारमा नेपालका गुम्बा, विहार र गुरुकुल – दोस्रो अध्ययन

## पृष्ठभूमि

गुम्बा, विहार, गुरुकुल र मदरसा पम्परागत रूपमा धार्मिक शिक्षा प्रदान गर्ने थलोका रूपमा परिचित छन् । गुम्बा र विहार बौद्ध धर्मअन्तर्गतका शिक्षा प्रदान गर्ने निकाय हुन् । बौद्ध धर्मका दुई प्रमुख सम्प्रदाय छन् - महायान र थेरवाद । महायान सम्प्रदायका मानिसहरूले गुम्बाबाट र थेरवाद सम्प्रदायका मानिसहरूले विहारबाट शिक्षा हासिल गर्ने परम्परागत चलन छ । हिन्दूहरूले गुरुकुलबाट शिक्षा प्राप्त गर्दछन् । त्यस्तै, मुसलमानहरूको शिक्षा प्राप्त गर्ने थलो मदरसा हो । धार्मिक शिक्षा प्रदान गर्नु यी निकायहरूको प्रमुख उद्देश्य हो । हाल आएर कतिपय धार्मिक संस्थाहरूले औपचारिक शिक्षा अर्थात् मूलधार शिक्षा दिन थालेका छन् । यसरी औपचारिक शिक्षा दिनुका दुई प्रमुख कारणहरूमा पहिलो, औपचारिक शिक्षाको महत्व पहिचान गरी आफ्नै चाहनाअनुरूप शिक्षा प्रदान गर्नु र दोस्रो, धार्मिक शिक्षालाई शिक्षाको मूलधारमा समाहित गर्ने सरकारी प्रयास र नीति एवं कार्यक्रमहरूको तर्जुमा गरी कार्यान्वयनको प्रक्रिया स्वरूप औपचारिक शिक्षा दिनु । यसैअन्तर्गत गुम्बा, विहार र गुरुकुल शिक्षालाई शिक्षाको मूलधारमा ल्याउन केकस्ता उपायहरूको अवलम्बन गर्नुपर्दछ भन्ने सम्बन्धमा गतवर्ष फर्मेटिभ अनुसन्धान परियोजनाअन्तर्गत पहिलो अध्ययन भएको थियो । यस अध्ययनअन्तर्गत सरकारका प्रयासहरू, शैक्षिक पहुँच, पाठ्यक्रम र पाठ्यपुस्तक, व्यवस्थापन र स्वायत्तता जस्ता विषयहरूलाई आधार बनाई अध्ययन गरिएको थियो । अध्ययनले सकेसम्म छिटो सरकारका निर्णयहरू सम्बन्धित सङ्घसंस्था र व्यक्तिहरूको जानकारीमा पुऱ्याउने, आधारभूत शिक्षाको व्यवस्था गर्ने र धार्मिक सङ्घसंस्थाहरूले आफ्नो पाठ्यक्रम आफैले बनाउन पाउनुपर्ने आदि सुझावहरू दिएको थियो ।

यस वर्षको अध्ययन गत वर्षकै शीर्षकअन्तर्गत भिन्न उद्देश्यहरूका साथ सञ्चालन गरिएको हो । यस अध्ययनले गत वर्षको भन्दा बढी जिल्ला र संस्थाहरूलाई समेटेको छ । समष्टिमा गुम्बा, विहार र गुरुकुलले हालको प्राथमिक शिक्षाको सदुपयोग कसरी गर्न सक्छन् र स्थानीय व्यक्ति तथा समुदायहरूले यस्ता संस्थाहरूबाट शैक्षिक सेवा कसरी लिन सक्छन् भन्ने तथ्य पत्ता लगाउनु यस अध्ययनको प्रमुख उद्देश्य हो ।

## उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित छन् -

- हाल सञ्चालनमा रहेका गुम्बा, विहार र गुरुकुलहरूले प्राथमिक शिक्षाको व्यवस्थालाई कसरी सदुपयोग गर्न सक्छन् ?
- गुम्बा, विहार र गुरुकुललाई आधारभूत शिक्षा प्रदान गर्न मदत गर्न केकस्ता नीति र व्यवस्थाको आवश्यकता छ ?
- गुम्बा, विहार र गुरुकुलहरूलाई शिक्षा प्रदान गर्ने विषयमा स्थानीय व्यक्ति र समुदायलाई कसरी परिचालन गर्न सकिन्छ ?

## अध्ययन विधि

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क गुम्बा, विहार र गुरुकुलमा शिक्षा प्राप्त गरिरहेका विद्यार्थीहरूदेखि लिएर धार्मिक सङ्घसंस्थासँग आबद्ध व्यक्तिहरू, सम्बन्धित समुदायका व्यक्तिहरू र नीति निर्माताहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो ।

यस अध्ययनअन्तर्गत अधिराज्यका ५ ओटा जिल्लाहरू (झापा, सोलुखुम्बु, काठमाडौं, चितवन र कास्की) बाट आवश्यक जानकारीहरूको सङ्कलन गरिएको थियो । ती ५ जिल्लामध्ये काठमाडौं जिल्ला गत वर्षको अध्ययनमा समाविष्ट थियो । त्यस्तै, अध्ययनसँग मेल नखाने देखिएकाले मुस्ताङ जिल्लालाई यस वर्षको अध्ययनमा समावेश गरिएको थिएन । यस वर्ष छनोट गरिएका जिल्लाबाट

चार गुम्बा, चार विहार र चार गुरुकुल गरि जम्मा १२ ओटा धार्मिक सङ्घसंस्थाहरू छानिएको थियो । धार्मिक संस्थाको छनोट गर्दा धार्मिक शिक्षा मात्र प्रदान गर्ने संस्था र धार्मिक शिक्षाका साथै औपचारिक शिक्षा प्रदान गर्ने संस्था पनि पर्ने गरी छनोट गरिएको थियो । त्यसैगरी, धार्मिक संस्थाहरूसँग आबद्ध व्यक्तिहरू, धार्मिक विषय बढाउने अध्यापकहरूका साथै शिक्षा मन्त्रालय र शिक्षा विभागका सम्बन्धित पदाधिकारीहरूबाट आवश्यक राय/सुझाव लिनुका साथै सान्दर्भिक जानकारी सङ्कलन गरिएको थियो । त्यस्तै जानकारीहरू सङ्कलनका लागि निम्नलिखित स्रोतहरूको प्रयोग गरिएको थियो ।

**प्रकाशित सामग्रीहरूको अध्ययन** : यसअन्तर्गत धार्मिक संस्थाहरूमा औपचारिक शिक्षा समावेश गर्नेसम्बन्धी सरकारी नीति र कार्यक्रमहरूको अध्ययन गरिनुका साथै धार्मिक संस्थामा प्रदान गरिँदै आएका शिक्षाका बारेमा प्रकाशित अनुसन्धान प्रतिवेदन, लेख, समाचार आदिको अध्ययन गरियो । त्यस्तै, अध्ययनका लागि छनोट गरिएका धार्मिक संस्थाहरूले प्रयोग गरिरहेका पाठ्यक्रम र पाठ्यपुस्तकको पनि समीक्षा गरिएको थियो ।

**अन्तर्वार्ता** : धार्मिक संस्थाहरूसँग सम्बन्धित व्यक्तिहरूसँग अन्तर्वार्ताका माध्यमबाट आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरिएको थियो । छनोटमा परेका जिल्लाका जिल्ला शिक्षा अधिकारीका साथै जिल्ला शिक्षा कार्यालयका कर्मचारी, गुम्बा व्यवस्थापन समितिका पदाधिकारीहरू, राष्ट्रिय गुरुकुल परिषद्का पदाधिकारीहरू र पशुपति क्षेत्र विकास कोषका पदाधिकारीहरू, धार्मिक संस्थाका प्रमुखहरू, गा.वि.स./नगरपालिकाका पदाधिकारीहरू र स्थानीय व्यक्तिहरूसँग अन्तर्वार्ताका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो ।

**लक्षित समूह छलफल** : धार्मिक संस्थामा अध्ययनरत विद्यार्थीहरू र सम्बन्धित संस्थाका व्यवस्थापन समितिका सदस्यहरूलाई सहभागी गराई लक्षित समूह छलफल गरी उद्देश्यअनुरूपका जिज्ञासाहरूबारे छलफल गरिएको थियो ।

**सर्वेक्षण** : सर्वेक्षण फाराममार्फत धार्मिक संस्थाहरूको भौतिक संरचना बारे जानकारी लिइएको थियो । साथै जातिगत र लैङ्गिक हिसाबले सम्बन्धित धार्मिक संस्थाहरूमा कार्यरत शिक्षक र विद्यार्थीको सङ्ख्या सङ्कलन गरिएको थियो । यस फाराममा धार्मिक संस्थाहरू रहेको स्थान, बस्ती, भौतिक सुविधा, आर्थिक स्रोत, सरकारको सहयोग आदिका बारेमा पनि छोटो जानकारी लिइएको थियो । यसबाहेक धार्मिक संस्था र स्थानीय समुदायबीचको सम्बन्धका बारेमा पनि यस फारामका माध्यमबाट जानकारी सङ्कलन गरिएको थियो ।

**अवलोकन** : अध्ययनमा परेका संस्थाहरूको दुई तहमा अवलोकन गरिएको थियो । धार्मिक संस्थाको भौतिक सुविधा, विद्यार्थीको उपस्थिति र समुदाय एवं धार्मिक संस्थाबीचको सम्बन्धसँग सम्बन्धित जानकारीहरूका साथै कक्षाकोठामा उपलब्ध भौतिक सुविधा, शिक्षण-सिकाइ विधि, सिकाइ सामग्रीको पहुँच आदिबारे पनि अवलोकन गरिएको थियो ।

## मुख्य प्राप्तिहरू

### *सरकारी नीति तथा प्रयासहरू*

- सरकारले गुम्बा, विहार र गुरुकुलमा प्रदान गरिने शिक्षालाई मूलधारको शिक्षासँग आबद्ध गराउन विभिन्न प्रयासहरू गरेको छ । यही सन्दर्भमा सन् २००१ मा (मुस्ताङ र काठमाडौं) र यो वर्ष कास्कीमा गुम्बासम्बन्धी अन्तर्क्रिया कार्यक्रमहरूको आयोजना गरिएको र गुम्बा एवं गुरुकुलबाहेक विहार शिक्षाका सम्बन्धमा पनि सरकारले अन्तर्क्रिया गर्ने सोच राखेको पाइयो ।
- नीतिमा उल्लेख भएअनुरूप सरकारले कक्षा ५ को सिकाइ-उपलब्धिका आधारमा औपचारिक शिक्षा प्रदान गरिएका धार्मिक संस्थामा कक्षा ५ को परीक्षा लिन सुरु गरिएको छ । यसको सुरुआत कास्की जिल्लास्थित मनाङ गुम्बाबाट गरिएको छ ।

- सरकारले विद्यालय सुधार योजना, एकमुष्ट रकम र शिक्षक दरबन्दी आदिका माध्यमबाट धार्मिक संस्थाहरूलाई सहयोग गरिरहेको छ । तर सबैखाले धार्मिक संस्थाहरूलाई एकैप्रकारको सहयोगले काम नगरेको पाइयो । कुनै-कुनै धार्मिक संस्था यस्ता छन् जसलाई आर्थिक सहयोगको आवश्यकता छैन ।

*प्राथमिक शिक्षाको व्यवस्था*

- विभिन्न धार्मिक संस्थाहरूले सरकारको सहयोग पाइरहेका छन् तापनि सो सहयोग प्राथमिक शिक्षाको विकासका लागि प्रदान गरिएको हो भन्ने कुराको जानकारी कमै सरोकारवालाहरूमा भएको पाइयो ।
- कतिपय धार्मिक संस्थाहरू आर्थिक रूपमा सम्पन्न भएका कारण सरकारको सहयोगको वास्ता गरिरहेका छैनन् ।
- धार्मिक संस्थाहरूबीच प्राथमिक शिक्षाको सुविधा प्रदान गर्ने कुरामा भिन्नता पाइएको छ । कुनै संस्थाले कक्षा १ देखि ५ सम्म, कुनैले कक्षा ४ देखि माथि त कुनैले कक्षा ६ देखि मात्र औपचारिक शिक्षा प्रदान गरिरहेका छन् भने कुनै संस्थाहरूले धार्मिक शिक्षा मात्र प्रदान गरिरहेका छन् ।
- धार्मिक शिक्षा मात्र प्रदान गर्ने धार्मिक संस्थाहरू सरकारको सहयोग भएमा औपचारिक शिक्षातर्फ प्राथमिक कक्षा सञ्चालन गर्न तयार छन् । उनीहरूले विशेष गरी शिक्षक दरबन्दी र शिक्षक तालिमका लागि सरकारी सहयोगको बढी अपेक्षा गरेको पाइयो ।
- धार्मिक संस्थाहरूले प्रदान गरेको धार्मिक र औपचारिक शिक्षाबाट प्राय: आर्थिक र सामाजिक रूपले विपन्नवर्ग लाभान्वित भएका छन् ।

*धार्मिक संस्थाहरूमा स्थानीय व्यक्ति र समुदायको संलग्नता*

- धार्मिक संस्था रहेको समुदायमा विद्यालयको पनि पहुँच हुनाले स्थानीय समुदायले यस्ता संस्थाहरूबाट पर्याप्त लाभ लिन नसकेको पाइयो ।
- अभिभावकले आफ्ना बच्चाहरूलाई यस्ता संस्थामा भर्ना नगराए पनि विहार र गुरुकुलको हकमा स्थानीय व्यक्तिहरूले यी संस्थाहरूको सञ्चालन गर्न सहयोग पुऱ्याइरहेको पाइयो ।
- सोलुखुम्बुस्थित फुग्मोचे गुम्बाले स्थानीय समुदायका लागि निम्न माध्यमिक तहको विद्यालय खोली औपचारिक शिक्षा दिइरहेको छ । तर गुम्बाका विद्यार्थीहरू केवल अङ्ग्रेजी पढ्न मात्र यस विद्यालयमा जान्छन् ।
- समुदायबाट प्राप्त सहयोग गुम्ने डरले विहार र गुरुकुलहरू शिक्षाको मूलधारमा जान हिच्किचाइरहेका छन् ।

*पाठ्यक्रम र पाठ्यपुस्तक*

- औपचारिक कक्षा सञ्चालन गरिरहेका धार्मिक संस्थाहरूले सरकारद्वारा जारी पाठ्यक्रम र पाठयपुस्तक प्रयोग गरेका छन् । तर कुनै संस्थाले सरकारी पाठ्यक्रमका पूरै विषय समावेश गरेका छन् भने कुनैले केही विषयहरू मात्र समावेश गरेका छन् ।

*स्वायत्तता र समानता*

- गतवर्षको अध्ययनले देखाएजस्तै यस अध्ययनले पनि ६० प्रतिशत पाठ्यभार, धार्मिक शिक्षा र ४० प्रतिशत भार औपचारिक शिक्षालाई दिनुपर्ने देखाएको छ ।
- औपचारिक शिक्षाका विषय पढाइ हुने धार्मिक संस्थाहरूले शिक्षक छनोटको जिम्मेवारी सम्बन्धित धार्मिक संस्थालाई नै दिनुपर्ने कुरामा जोड दिएका छन् । धार्मिक संस्थाका लागि

शिक्षक पूर्ण मर्यादित र अनुशासित रहनुपर्ने हुनाले शिक्षक छनोटको व्यवस्था उनीहरूबाट नै हुनुपर्ने जनाएका छन् ।

- धार्मिक संस्थाहरूले दिएको धार्मिक शिक्षालाई औपचारिक शिक्षासँग समानान्तर गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

**सुझावहरू**

- सरकारले धार्मिक संस्थाहरूलाई शिक्षाको मूलधारसँग आबद्ध गर्न विभिन्न नीतिका साथै कार्यक्रमहरू ल्याएको भए तापनि धेरै संस्थाहरू ती नीति तथा कार्यक्रम बारे अनभिज्ञ छन् । अत: सरकारले प्रदान गरेका सुविधाबारे जिल्ला शिक्षा कार्यालयहरूलाई खबर गरी धार्मिक संस्थाहरूलाई सूचित गर्न निर्देशन दिनुपर्ने देखिन्छ । यसबारे राष्ट्रियस्तरमा स्थापित धार्मिक संस्थाहरूलाई पनि सूचना दिनुपर्दछ ।
- हाल सरकारद्वारा सञ्चालित कार्यक्रम सीमित जिल्लाहरूमा मात्र केन्द्रित हुनाले यस्ता कार्यक्रमहरू अरू जिल्लाहरूमा विस्तार गर्नुपर्ने देखिन्छ ।
- सरकारले धार्मिक संस्थाहरूप्रति लागू गरेका एकैखाले नीति त्यति सान्दर्भिक नभएका कारण धार्मिक संस्थाहरूलाई उनीहरूका आवश्यकता हेरी सहयोग गर्नुपर्दछ ।
- सरकारले प्रदान गरिरहेको सुविधाबाट हालसम्म विहार वञ्चित रहेकाले विहारलाई सरकारको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्दछ । साथै राष्ट्रिय पाठ्यक्रम निर्माणमा पनि विहारलाई संलग्न गराउनुपर्दछ ।
- धार्मिक संस्थाहरूमा प्रदान गरिने शिक्षामा धार्मिक शिक्षालाई नै जोड दिनुपर्ने हुनाले औपचारिक शिक्षाका विषयहरू समावेश गर्दा धार्मिक शिक्षालाई ६० प्रतिशत र औपचारिक शिक्षालाई ४० प्रतिशत भार दिनु उपयुक्त हुन्छ ।
- जिल्ला शिक्षा कार्यालयहरू धार्मिक संस्थाहरूमा समुदायको सहभागिता बढाउन भूमिका खेल्न सक्ने हुँदा यी संस्थाहरूसँग निरन्तर सम्पर्क राखी सरकारका नीति, निर्णय र कार्यक्रमहरूबारे अवगत गराउनुपर्दछ । स्थानीय बालबालिकाहरू बढी भर्ना भएका धार्मिक संस्थाहरूलाई सरकारले विशेष सहयोग गरी प्रोत्साहित गर्नुपर्दछ ।
- सरकारी विद्यालयको दाँजोमा धार्मिक संस्थाहरूमा विद्यार्थीको सङ्ख्या कम हुने हुँदा प्रतिविद्यार्थी हिसाबले सहयोग गर्ने सरकारी नियम त्यति सान्दर्भिक देखिँदैन । अत: संस्थाको अवस्था हेरी सक्दो सहयोग गर्नुपर्दछ ।
- धार्मिक संस्थाहरूमा महिला र दलितको सङ्ख्या न्यून रहेकाले सरकारले यसतर्फ सोची यस्ता विद्यार्थीहरू भएका संस्थाहरूलाई विशेष सहयोग गर्नुपर्दछ ।
- धेरैजसो धार्मिक संस्थाहरूमा प्राथमिक तह सञ्चालन नभएका कारण प्राथमिक तहको शिक्षा प्रदान गर्न सरकारले भौतिक सुविधा र शिक्षक दरबन्दीमा ध्यान दिनु आवश्यक छ ।

# नेपालका मदरसामा औपचारिक शिक्षा : प्रवृत्ति तथा मुद्दाहरू

## पृष्ठभूमि

**सबैका लागि शिक्षा**को सन्दर्भमा एउटा ठूलो चुनौती शिक्षाको समान अवसरबाट वञ्चित समुदायहरूलाई यसको मूलधारमा ल्याउनु रहेको छ । यी समुदाय विभिन्न कारणले शिक्षाको उपयुक्त अवसरबाट वञ्चित छन् । यी समुदायहरूमध्ये मुस्लिम समुदाय एक प्रमुख धार्मिक समुदायका रूपमा रहेको छ । सबैका लागि शिक्षाका क्षेत्रमा विगतमा गरिएका विभिन्न प्रयासहरूको अतिरिक्त नेपालका मुस्लिम समुदायको साक्षरता दर ३४.७२ प्रतिशत मात्र छ, जुन नेपालको राष्ट्रिय साक्षरता दर ५३.७ प्रतिशतको तुलनामा अति पछाडि छ । कुल ४.२ प्रतिशत जनसङ्ख्या ओगटेको मुस्लिम समुदायलाई शिक्षाको मूलधारमा ल्याउन योजनाकारहरूसमक्ष एउटा ठूलो चुनौती रहेको छ ।

विगतमा गरिएका अनुसन्धानका प्रतिवेदनअनुसार मुस्लिम अभिभावकहरू आफ्ना बालबालिकाहरूलाई मूलधार शिक्षाको विद्यालय पठाउनुको सट्टा आफ्नो धार्मिक तथा सांस्कृतिक शैक्षिक संस्था मदरसा पठाउन बढी रुचाउँछन् । फर्मेटिभ अनुसन्धान (सन् २००४) अनुसार प्राथमिक विद्यालय उमेरका मुस्लिम केटाकेटीमध्ये १८.६ प्रतिशत मात्र मूलधार विद्यालयमा भर्ना भएका छन् भने ४१.२२ प्रतिशत मदरसामा अध्ययन गरिरहेका छन् । अझ ४०.७१ प्रतिशत बालबालिकाहरू सबै प्रकारका विद्यालयहरूबाट बाहिर छन् । मुस्लिमहरूले यसरी मदरसालाई प्राथमिकता दिनुको मुख्य कारण मदरसाबाट आफ्ना धार्मिक/सांस्कृतिक शिक्षा प्राप्ति नै हो । यसै प्रतिवेदनअनुसार मुस्लिम अभिभावकहरूले आफ्ना बालबालिकाहरूका लागि मदरसामा दिइने धार्मिक/सांस्कृतिक शिक्षाका साथै मूलधार शिक्षाको पनि चाहना राखेका छन् । यस चाहनाको मुख्य उद्देश्य जीवन-सान्दर्भिक शिक्षा प्राप्त गर्नु हो, जसले उनीहरूमा आयमूलक सीपको विकास गर्न सकून् । यस लक्ष्यको प्राप्तिका लागि मुस्लिमहरू मूलधार शिक्षालाई पनि आवश्यकताका रूपमा अभिव्यक्त गर्दछन् । यसकारण फर्मेटिभ अनुसन्धान २००४/२००५ को अध्ययन प्रतिवेदनमा मदरसा शिक्षामा मूलधार शिक्षा समावेश गरी मदरसाहरूलाई मूलधार शिक्षण संस्थाका रूपमा व्यवस्थित गर्न सुझाव प्रस्तुत गरिएको, साथै मदरसाहरूका लागि एउटा छुट्टै एकीकृत पाठ्यक्रमको आवश्यकता औँल्याइएको थियो ।

शिक्षाको क्षेत्रमा मुस्लिम समुदायका लागि मदरसा शिक्षाको उपयुक्तता देखेर शिक्षा मन्त्रालयले २०६३ मा एउटा विज्ञप्ति जारी गरी अधिराज्यका सबै मदरसाहरूलाई मूलधार शिक्षण संस्थाका रूपमा दर्ता गराउन आमन्त्रण गरेको थियो । जसअनुसार विद्यालय दर्ता गराउन कुनै प्रकारको दर्ता शुल्क नलाग्ने व्यवस्था छ । यस व्यवस्थालाई नेपाल भरिका मदरसासँग सम्बन्धित सरोकारवालाहरूले स्वागत गरी धेरैजसो मदरसा जिल्ला शिक्षा कार्यालयमा दर्ता भए ।

शिक्षा मन्त्रालयको आह्वानअनुसार धेरै मदरसाहरू मूलधार विद्यालयका रूपमा दर्ता भएपछि शिक्षाको अवसर बढी प्राप्त भए पनि यी मदरसाहरूबाट गुणात्मक शिक्षा प्राप्त गर्नु अति कठिन देखिन्छ । यी मदरसाहरूमा गुणात्मक शिक्षाका लागि आवश्यक पूर्वाधारहरू अति न्यून छन् । साथै मदरसाहरू दर्ता भएपछि यिनमा उत्पन्न हुने समस्या र चुनौतीहरूको समाधान अध्ययन/अनुसन्धानका आधारमा गरिनु अत्यन्त जरूरी देखिएको छ ।

## उद्देश्यहरू

यस अध्ययनका प्रमुख उद्देश्यहरू निम्नलिखित छन् -

- मदरसा शिक्षामा मूलधार शिक्षा समावेश भएपछि मुस्लिम समुदायको प्रतिक्रिया/विचार पत्ता लगाउनु
- मुस्लिम समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच र गुणात्मक शिक्षामा उत्पन्न समस्याहरूको मुल्याङ्कन गर्नु
- मूलधार शिक्षा समावेशीकरणपछि मदरसाहरूमा उत्पन्न चुनौती र समस्याहरूको पहिचान गर्नु ।

## अध्ययनका विधिहरू

दर्ता भएका मदरसाका सरोकारवालाहरू, जस्तै - सञ्चालक समितिका अध्यक्ष, सचिव, प्रधानाध्यापक, शिक्षक, मुस्लिम समुदायका व्यक्ति, अभिभावक र विद्यार्थीका विचार र प्रतिक्रियाहरू सङ्कलन गरियो । ती विचार र प्रतिक्रिया सङ्कलनमा विभिन्न विधिहरूको उपयोग गरियो र बुँदागत उद्देश्यहरूका आधारमा सङ्कलित तथ्यहरूको व्याख्या गरियो र साथै अवलोकन फारामका आधारमा मदरसाहरूको अवलोकन गरी पूर्वाधार र परिवर्तित चुनौती र आवश्यक पूर्वाधारसम्बन्धी तथ्याङ्कहरूको सङ्कलन गरियो ।

## मुख्य प्राप्तिहरू

- अधिकांश दर्ता भएका मदरसाहरूमा अगाडिदेखि नै मूलधार शिक्षाको पठनपाठन भइरहेको थियो । तर दर्ता भएपछि मात्र व्यवस्थित रूपमा सञ्चालन भएको देखियो । मदरसाहरूमा दर्तापछि विभिन्न प्रकारका परिवर्तनहरू देखिएका छन् । मूलधार विषय समावेश गरी दर्ता गरिएपछि मदरसाहरूमा मुस्लिम केटाकेटीहरूको भर्नादर बढेको छ, खास गरी केटीहरूको भर्ना दरमा व्यापक वृद्धि भएको पाइयो । नेपालगन्जका केही मुस्लिम अभिभावकहरूले आफ्ना छोरीहरूको उमेर बढी भएका कारण विद्यालय जान छाडिसकेका थिए । तर त्यहाँ एउटा छात्रा मदरसा दर्ता भएपछि यी अभिभावकहरू आफ्ना छोरीहरूलाई त्यस मदरसामा पुन: भर्ना गरी अध्ययन गराइरहेका छन् ।
- मदरसाहरूमा परम्परागत रूपमा इस्लामिक शिक्षक पुरुष नै बहाल हुँदै आएका थिए । तर हाल मदरसा दर्ता भएपछि यी मदरसाहरूमा मुस्लिम तथा गैरमुस्लिम महिला शिक्षिका मूलधार विषय शिक्षिकाको सङ्ख्या बढी रहेको पाइएको छ ।
- अधिकांश दर्ता भएका मदरसाहरूमा भौतिक पूर्वाधारहरूको अभाव छ । कक्षाकोठा, फर्निचर, शैक्षिक सामग्री, चर्पी, खानेपानी जस्ता पूर्वाधारहरूको अभावमा गुणस्तरीय शिक्षा प्रदान गर्नमा बाधा परिरहेको देखिन्छ । साथै मदरसा शिक्षक/शिक्षिकाहरूको प्राय: अध्यापन अनुमति-पत्र छैन ।
- मुस्लिम समुदाय सरकारका तर्फबाट मदरसालाई मूलधार शिक्षामा ल्याउने अभियानको स्वागत गरे तापनि पूर्ण रूपमा सन्तुष्ट छैनन् । यस्तै प्रतिक्रिया मदरसाका इस्लामी शिक्षक र सञ्चालकहरूको पनि छ । यिनीहरूको दृष्टिमा मदरसा एउटा धार्मिक तथा सांस्कृतिक शिक्षण संस्था हो । यसमा सरकारका तर्फबाट हुने कुनै प्रकारको हस्तक्षेप मुस्लिमहरूको आन्तरिक मामलामा हस्तक्षेप ठानिनेछ । यिनीहरू यस सम्बन्धमा सरकारको शिक्षा नीतिमा स्पष्ट नीति नभएको खण्डमा यसलाई पूर्ण रूपमा स्वीकार्ने पक्षमा छैनन् ।
- हालसम्म कुनै पनि मदरसामा सरकारका तर्फबाट एकीकृत पाठ्यक्रम लागू गर्ने प्रयास गरेको देखिएको छैन ।
- बाँके र मोरङ जिल्लामा दर्ता भएका मदरसावालाहरूले आफै पाठ्यक्रम तयार गरी परीक्षणका रूपमा लागू गरेका छन् । विद्यार्थीहरूले इस्लामिक शिक्षाका साथै मूलधार शिक्षाप्रति पनि इच्छा देखाएको पाइन्छ ।
- मदरसा दर्ता भएपछि नयाँ-नयाँ चुनौतीहरू पनि देखापरेका छन् । मुस्लिम समुदाय मदरसा दर्ता भएपछि सरकारका तर्फबाट अन्य सामुदायिक विद्यालयसरह सुविधा र सहयोगको अपेक्षा गरिरहेका छन् र साथै नीतिमा परिवर्तन गरी मदरसा शिक्षासम्बन्धी स्पष्ट नीतिनिर्माण नभएसम्म मदरसामा सरकारका तर्फबाट हस्तक्षेप भएको ठानिएको छ । मदरसा सञ्चालक र शिक्षकहरू मदरसालाई मूल रूपमा धार्मिक शिक्षण संस्थाका रूपमा राख्न चाहन्छन् जब कि अभिभावकहरू धार्मिक शिक्षाका साथै मूलधार शिक्षा सञ्चालन गर्ने विचार व्यक्त गर्दछन् । जसका लागि गुणात्मक शिक्षाको पूर्वाधारको अविलम्ब व्यवस्था होस् भन्ने माग गरिएको छ र

एकीकृत पाठ्यक्रम सञ्चालनका लागि र मूलधार मदरसाहरूको गुणात्मक शिक्षण प्रक्रियाको उपयुक्त व्यवस्थापनका लागि एउटा छुट्टै मदरसा शिक्षा बोर्ड स्थापना गर्न माग गरेका छन् ।

- हाल धेरैजसो मदरसाहरू मूलधारमा आइसकेका छन् तापनि यी मदरसाहरू पछि पनि मूलधारमा रहिरहनेछन् भन्ने कुरामा शङ्का उत्पन्न भइसकेको छ । किनभने अधिकांश रजिस्टर्ड मदरसाहरूमा पूर्वाधारको अभाव छ र मदरसा सरोकारवालाहरू बढीभन्दा बढी उत्साहित भइ सरकारी सहयोगको अपेक्षा गरिरहेका बेलामा अल्पसङ्ख्यक समुदायको अपेक्षा पूरा भएन भने सरकारी नीति माथि अविश्वास उत्पन्न हुन सक्छ ।

## सुझावहरू

माथि उल्लिखित तथ्यहरूको विश्लेषणका आधारमा निम्नअनुसार सुझाव प्रस्तुत गरिएको छ -

- सरकारका तर्फबाट अन्य सामुदायिक विद्यालयसरह दर्ता भएका मदरसाहरूलाई आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- गुणात्मक शिक्षाको परिपूर्तिका लागि मदरसाहरूको भौतिक पूर्वाधार विकासमा विशेष ध्यान पुऱ्याउनुपर्दछ । नयाँ मदरसा दर्ता नक्साङ्कन गरेर मात्र दर्ता गर्नुपर्दछ ।
- दर्ता भएका मदरसाहरूको पठन-पाठन तथा व्यवस्थापनसम्बन्धी मामिलाको रेखदेख र नीतिनिर्माणका लागि केन्द्रस्तरमा एउटा छुट्टै मदरसा शिक्षा बोर्डको गठन गर्नुपर्दछ ।
- हालै दर्ता भएका विद्यालयहरूमा पठन-पाठन सुचारु रूपमा सञ्चालन गर्नका लागि अविलम्ब एकीकृत पाठ्यक्रमको व्यवस्था गर्नुपर्दछ ।
- मदरसाहरूमा छात्राहरूको भर्नादर बढी भएकोले मुस्लिम केटीहरूका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरी उनीहरूलाई प्रोत्साहित गर्नुपर्दछ ।

# प्रतिविद्यार्थी एकाइ लागतको आधारमा उपलब्ध गराउने अनुदान व्यवस्थाको विस्तारका सम्भावनाहरू

## पृष्ठभूमि

नेपाल सरकारको शिक्षा नीतिको एक प्रमुख उद्देश्य सार्वजनिक विद्यालयहरूमा पढाइको गुणस्तर माथि उठाउनु रहेको छ । हालसम्म विद्यालय शिक्षामा प्रवेश नगरेका बालबालिकाहरूलाई पनि विद्यालयमा भर्ना गर्न र विद्यालय शिक्षाको सम्पूर्ण अवधिभर विद्यालयमा टिकाइराख्ने उद्देश्य पनि रहेको छ ।

यी उद्देश्यहरू प्राप्त गर्न शिक्षा क्षेत्रमा सरकारको बजेटको १६ देखि १७ प्रतिशतसम्म विनियोजन गरिएको छ । प्राथमिक शिक्षामा हाल शिक्षा बजेटको ६० प्रतिशतभन्दा बढी रकम विनियोजन गरिएको छ ।

सरकारका तर्फबाट प्रत्येक वर्ष शिक्षा क्षेत्रमा क्रमिक रूपले खर्च बढाउँदै लगिएको भए तापनि खास गरी प्राथमिक विद्यालयहरूले स्रोतको न्यूनताले गर्दा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिराखेका छैनन् । गुणस्तर कम हुनुमा स्रोत अभावका साथै अरु पनि कारणहरू छन् ।

गुणस्तर विकास गर्ने उद्देश्यले २०६२ देखि एकमुष्ट अनुदानको व्यवस्था गरिएको छ । यसअन्तर्गत विद्यालय सुधार योजना कार्यान्वयन गर्न तथा शैक्षिक सामग्रीको व्यवस्था गर्न प्रतिविद्यार्थी निश्चित रकम तोकेर अनुदान दिने व्यवस्था गरिएको छ ।

पूरै सरकारी अनुदानमा चल्ने सामुदायिक विद्यालयहरूका निम्ति शिक्षक तलब र विभिन्न अनुदानहरू उपलब्ध गराइन्छ । अनुमति प्राप्त सामुदायिक विद्यालयहरू र समुदायले सञ्चालनको जिम्मा लिएका विद्यालयहरूका निम्ति राहत कोटा (शिक्षक तलब अनुदान) दिइएको छ ।

यी विभिन्न अनुदानहरू दिइसक्दा पनि सामुदायिक विद्यालयहरूसित आर्थिक स्रोतको न्यूनताको स्थिति भने यथावतै छ । यी विद्यालयहरूले शिक्षा ऐन र नियमावलीअनुसार शुल्क उठाउन पाउँदैनन् ।

हालका वर्षहरूमा विभिन्न जिल्लाहरूमा शिक्षक अभावको स्थिति (विद्यार्थी सङ्ख्याको तुलनामा उपयुक्त सङ्ख्यामा शिक्षक नभएको स्थिति) देखापरेको छ । यसले गर्दा विद्यालयको पठनपाठनमा नकारात्मक प्रभाव परेको छ । शिक्षक अभावको यो स्थितिमा सुधार ल्याउन २०६४/६५ देखि नेपाल सरकारले "प्रतिविद्यार्थी एकाइ लागतका आधारमा अनुदान" दिने व्यवस्था सुरु गरेको छ । यसअन्तर्गत तोकिएको विद्यार्थी-शिक्षक अनुपातभन्दा बढी विद्यार्थी भएका विद्यालयहरूका निमित्त थप अनुदान दिइन्छ । यो अनुदानको प्रयोग शिक्षक नियुक्तिका निमित्त मात्र गर्नुपर्दछ । बढी विद्यार्थी सङ्ख्या (तोकिएको विद्यार्थी-शिक्षक अनुपात हिमालमा ४०:१, पहाडमा ४५:१ र काठमाडौं उपत्यका र तराईमा ५०:१) भन्दा बढी विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूलाई यो अनुदान प्रदान गरिन्छ । तोकिएको विद्यार्थी-शिक्षक अनुपातभन्दा जति बढी विद्यार्थी सङ्ख्या हुन्छ, त्यति बढी अनुदान दिइन्छ । विद्यार्थी-शिक्षक अनुपातको हिसाब गर्दा स्थायी दरबन्दी शिक्षकहरू र राहत कोटामा नियुक्त शिक्षकहरू मात्र गणना गरिन्छ । आफ्नो स्रोतले नियुक्त शिक्षक र स्वयंसेवी शिक्षकको गणना गरिँदैन ।

## उद्देश्य

- प्रतिविद्यार्थी एकाइ लागतका आधारमा दिइने अनुदानको व्यवस्थाका बारेमा सरोकारवालाहरूको विचार थाहा पाउनु,
- अनुदान व्यवस्थाको कार्यान्वयन कसरी भएको छ भन्नेबारे बुझ्नु
- अनुदान व्यवस्थाका सबल र दुर्बल पक्षहरू पत्ता लगाउनु
- अनुदान व्यवस्थाको विस्तारका लागि अपनाउनुपर्ने उपायहरूका बारेमा सुझाव दिनु ।

## अध्ययन विधि

- प्रतिविद्यार्थी लागत सूचकाङ्क (Indicator) र यसको प्रयोग (योजना, बजेट तर्जुमा, अनुदान वितरण) का सम्बन्धमा लेखिएका सामग्रीहरूको अध्ययन
- शिक्षा ऐन र नियमावलीको अध्ययन तथा प्रतिविद्यार्थी एकाइ लागतमा आधारित अनुदानसम्बन्धी निर्देशिका (Per capita funding guidelines) को अध्ययन
- शिक्षा मन्त्रालय, शिक्षा विभागका अधिकृतहरूसँग छलफल
- दुईओटा जिल्लामा फिल्ड सर्वेक्षणलगायत जिल्ला शिक्षा अधिकारीहरू, स्रोत व्यक्तिहरू, निरीक्षकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँग छलफल
- विद्यालयका शिक्षकहरू, प्रधानाध्यापकहरूसँग छलफल (प्रत्येक जिल्लामा तीन विद्यालय लिइएको) ।

## मुख्य प्राप्तिहरू

अनुदान व्यवस्थाको कार्यान्वयन

- अनुदान व्यवस्था कार्यान्वयनको मुख्य जिम्मेवारी शिक्षा विभागले लिएको छ । कुन जिल्लाको कुन विद्यालय (प्राथमिक तहको) ले कति अनुदान पाउने भन्ने कुराको निर्धारण विद्यालयहरूले पठाएको शैक्षिक तथ्याङ्क (Flash II) का आधारमा शिक्षा विभागले अनुदान रकम तोक्ने काम गर्दै आएको छ ।
- आ.व. २०६४/६५ यो अनुदान व्यवस्थाको पहिलो वर्ष हो । यसकारण तयारी कार्यमा धेरै समय लाग्यो, २०६४ को माघ महिना मात्र शिक्षा विभागले जिल्लाका अनुदान पाउने विद्यालयहरू तोकी जिल्ला शिक्षा कार्यालयहरूलाई रकम निकासा गऱ्यो ।
- शिक्षा विभागले प्रतिविद्यार्थी एकाइ लागतका आधारमा अनुदान व्यवस्थापन निर्देशिका २०६४ तयार गऱ्यो । यही निर्देशिकाको आधारमा अनुदान रकमको प्रयोग विद्यालयहरूले गर्नुपर्ने हुन्छ ।
- उपर्युक्त निर्देशिकाको प्रसार-प्रसार जिल्ला शिक्षा कार्यालयसम्म भएको देखिन्छ । विद्यालय तहसम्म यो निर्देशिका पुगेको छैन र शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई यसबारे जानकारी छैन ।
- शिक्षा विभागले २०६४/६५ का लागि रु.३५ करोड रकम अनुदान वितरणका लागि विनियोजन गरेको छ । शिक्षा विभागबाट रकम प्राप्त भएपछि जेठ/असार महिनामा मात्र जिल्ला शिक्षा कार्यालयहरूले तोकिएका विद्यालयहरूलाई सो रकम प्रवाह गर्ने गरेको पाइन्छ । ललितपुर जिल्लाका ८ विद्यालय र चितवन जिल्लाका २६ विद्यालयहरूलाई यो अनुदान दिने व्यवस्था गरेको छ ।
- अनुदान रकम प्राप्त गरिसकेका विद्यालयहरूले हालसम्म (आषाढ २०६५) रकमको प्रयोग गरेको देखिँदैन । रकम प्रयोग गर्न विद्यालय व्यवस्थापन समितिले निर्णय गर्नुपर्ने हुन्छ । हाल रकम प्राप्त गरिसकेका विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिका सदस्य, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूका बीचमा छलफल भइरहेको देखिन्छ ।
- अध्ययनमा समावेश गरिएका जिल्लाहरूमध्ये ललितपुर जिल्लामा जिल्ला शिक्षा कार्यालयबाट विद्यालयहरूलाई २०६५ को जेष्ठसम्म रकम प्रवाह भएको थिएन । यसको मुख्य कारण शिक्षा विभागले प्रयोग गरेको तथ्याङ्क (जाँच दिने विद्यार्थी सङ्ख्या) र विद्यालयले प्रस्तुत गरेको तथ्याङ्कमा भिन्नता देखिनु हो । यस समस्याको समाधान हालसम्म भएको छैन ।

- चितवन जिल्लामा पनि शिक्षा विभागले प्रयोग गरेको तथ्याङ्क र विद्यालयले प्रस्तुत गरेको तथ्याङ्कमा धेरै फरक देखिएको छ । जिल्ला शिक्षा कार्यालयले तथ्याङ्क सच्याउने काम गर्ने गरेको छ ।
- चितवन जिल्लामा रकम प्रवाह गरिएको भए तापनि व्यवस्थापन समितिहरूले निर्णय गरिसकेका छैनन् । यस जिल्लाका ३ विद्यालयहरूमध्ये २ ओटा विद्यालयले शिक्षकको तलब थप गर्नमा यो रकम प्रयोग गर्ने विचार गरेका छन् । रकमको यसप्रकारको प्रयोग निर्देशिका (Per capita funding guidelines) अनुकूल देखिँदैन ।

सरोकारवालाहरूको विचार

- विद्यालयका प्रधानाध्यापकहरू र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले यस अनुदान व्यवस्थाबाट बिद्यालयलाई थप केही रकम प्राप्त हुने भएको हुँदा स्वागत गरेका छन् ।
- राहत अनुदान प्राप्त गरिरहेका अनुमति प्राप्त विद्यालयहरू (Unaided schools) र समुदायबाट सञ्चालित विद्यालयहरूले राहत अनुदानलाई निरन्तरता दिनुपर्ने कुरामा जोड दिएका छन् । राहत अनुदान व्यवस्थाबाट निश्चित रकम प्राप्त हुने र यसअन्तर्गत नियुक्त हुने शिक्षकले बढी सेवासुरक्षा महसुस गर्ने कुरा विद्यालयका प्रधानाध्यापकहरूले बताए ।
- निर्देशिका (Per capita funding guidlines) अन्तर्गत प्राप्त हुने अनुदान साल-साल फरक हुने सम्भावना रहन्छ । किनभने यसअन्तर्गत दिइने अनुदान विद्यार्थी सङ्ख्यामा आधारित हुन्छ र विद्यार्थी सङ्ख्यामा परिवर्तन आउन सक्छ । यस्तो अवस्थामा यसअन्तर्गत नियुक्त हुने शिक्षकलाई निश्चित तलब दिन कठिन हुन्छ ।
- चितवन जिल्लाका ३ विद्यालयहरूमध्ये २ ओटा विद्यालयहरूले शिक्षकको तलब वृद्धिमा प्रति विद्यार्थी एकाइ लागतवाट प्राप्त रकम प्रयोग गर्ने कुरा जनाएका छन् ।
- अनुदान प्राप्त विद्यालयहरूले समुदायबाट व्यवस्थापन हुने व्यवस्था (Community-managed) मा परिणत भए पछि थप अनुदान सुविधा र माथिको कक्षा सञ्चालन गर्ने अनुमति पाउने आशा गरेका छन् ।

**निष्कर्ष**

- यो अनुदान कार्यक्रम आर्थिक वर्षको मध्यतिर मात्र सुरु भएको हो । शिक्षा विभागबाट जि.शि.का.मा रकम पुग्दा जेष्ठ महिना लागेको थियो । यसको मतलव आर्थिक वर्ष २०६४/६५ को अनुदान रकमको प्रयोग आर्थिक वर्ष २०६५/६६ मा मात्र हुने देखिन्छ ।
- यो अनुदान व्यवस्था अधिक विद्यार्थी सङ्ख्या र परीक्षामा सम्मिलित हुने विद्यार्थी सङ्ख्यामा आधारित छ । विद्यालयले पठाएको तथ्याङ्क र शिक्षा विभागले प्रयोग गरेको तथ्याङ्कमा व्यापक भिन्नता देखिएको छ । यसले गर्दा विद्यालयसम्म रकम प्रवाह हुनमा ढिलाइ भएको छ ।
- एउटा विद्यालयले प्राप्त गर्ने अनुदान रकम सामान्यतया एउटा शिक्षकलाई पूर्णकालिक अवधिका निम्ति नियुक्त गर्न नपुग हुने देखिन्छ । शिक्षक नियुक्तिमा रकम प्रयोग गर्न नसकिएको अवस्थामा अरु कुन कामका निम्ति प्रयोग गर्ने भने कुरा स्पष्ट छैन । यस बारेमा निर्देशिकामा केही उल्लेख छैन । जिल्ला शिक्षा कार्यालयले पनि हालसम्म निश्चित निर्देशन दिएको छैन ।
- यो अनुदान व्यवस्थाअन्तर्गत प्राप्त हुने रकम, प्रत्येक वर्ष स्थिर रूपले रहिरहन्छ भन्ने कुनै निश्चितता छैन । भविष्यमा विद्यार्थी सङ्ख्या कम हुन गएमा यो अनुदान रकम कम हुन जानेछ । यसैकारणले पनि विद्यालयहरूलाई पूरा समय काम गर्ने शिक्षक नियुक्त गर्न अप्ठ्यारो परेको छ ।

- भविष्यमा अनुदान रकमको अनिश्चितताको कारण अनुदानको रकमबाट नियुक्त हुने शिक्षकको सेवा पनि अनिश्चित हुने देखिन्छ ।
- यो अनुदान व्यवस्थाले विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरूलाई अधिक फाइदा पुऱ्याउँछ । हिमाली र पहाडी क्षेत्रका विद्यार्थी सङ्ख्या कम भएका साना विद्यालयहरूलाई यो अनुदान व्यवस्थाले त्यति फाइदा पुऱ्याउँदैन ।
- शिक्षा विभागले प्रयोग गरेको विद्यार्थी/शिक्षक अनुपात वास्तविक तथ्याङ्कसँग मेल खाँदैन । शिक्षा विभागले हिमाली क्षेत्रमा ४०:१ र पहाडी क्षेत्रमा ४५:१ विद्यार्थी-शिक्षक अनुपात तोकेकोमा वास्तवमा योभन्दा धेरै कम विद्यार्थी/शिक्षक अनुपात देखिन्छ ।
- यो अनुदान व्यवस्थाको कार्यान्वयन हाल शुरुको अवस्थामा छ । यसको अनुगमन (स्रोत व्यक्ति र निरीक्षकहरूबाट) भएको छैन ।

**सुझावहरू**

- अनुदानको निर्देशिकाको व्यापक प्रसार-प्रसार हुनुपर्दछ । खास गरी जिल्ला शिक्षा कार्यालय र विद्यालयस्तरमा निर्देशिकाका प्रमुख बुँदाहरूका बारेमा जानकारी दिनुपर्दछ । यस काममा स्रोतव्यक्तिहरू र निरीक्षकहरूको प्रमुख भूमिका हुनेछ ।
- हाल शिक्षा विभागले प्रयोग गरेको भौगोलिक क्षेत्रगत विद्यार्थी-शिक्षक अनुपात परिमार्जन गर्नुपर्ने आवश्यकता देखिन्छ । खास गरी हिमाली र पहाडी क्षेत्रका निम्ति तोकिएको विद्यार्थी-शिक्षक अनुपात निकै उच्च देखिन्छ ।
- अनुदान रकम पाउने विद्यालयहरूले जुन कामका निमित्त अनुदान प्राप्त भएको हो, त्यसै कामका निम्ति उक्त रकम प्रयोग गर्नुपर्दछ । शिक्षक नियुक्ति गर्न यो रकम नपुग हुने देखिएमा जिल्ला शिक्षा कार्यालयसँग छलफल गरी रकम प्रयोग गर्नुपर्दछ ।
- शिक्षा विभागले प्रयोग गरेको तथ्याङ्क र विद्यालयहरूमा राखिएको तथ्याङ्कमा धेरै फरक देखिएको छ । यो फरक हुने स्थितिलाई निराकरण गर्नुपर्दछ । यसका निम्ति विद्यालय, जिल्ला शिक्षा कार्यालय र शिक्षा विभागमा रहेको तथ्याङ्कको सञ्जालको व्यवस्था राम्रो हुनुपर्दछ ।
- अनुदान रकमको प्रवाह (शिक्षा विभागदेखि विद्यालयसम्म) र विद्यालयले गरेको रकमको प्रयोगका बारेमा अनुगमन गर्नुपर्दछ । रकमको प्रयोगबारे विद्यालयले जि.शि.का.मा अनिवार्य रूपले प्रतिवेदन दिनुपर्दछ ।
- हाल अनुमति प्राप्त विद्यालयहरू (Unaided schools) तथा समुदायबाट सञ्चालित विद्यालय (Community managed schools) लाई दिइआएको राहत अनुदानलाई निरन्तरमा दिनुपर्दछ ।
- अनुदान पाउने विद्यालयहरूको छनोट गर्ने कार्य र विद्यालयहरूले पाउने रकमको हिसाबकिताब गर्ने काम जिल्ला शिक्षा कार्यालयलाई सुम्पनुपर्दछ ।
- प्रतिविद्यार्थी लागतमा आधारित अनुदान व्यवस्थाको निरन्तरताका लागि जिल्ला शिक्षा कार्यालयको प्रमुख भूमिका रहने हुँदा जिल्ला शिक्षा कार्यालयको क्षमता अभिवृद्धि (तालिम, उपकरणहरूको व्यवस्था) गर्नु आवश्यक छ ।
- सरकारबाट व्यवस्थापन गरिएका स्वीकृत प्राथमिक विद्यालयहरू (Aided schools) मा बढी विद्यार्थी-शिक्षक भएको अवस्थामा प्रतिविद्यार्थी लागतमा आधारित अनुदान (Per capita funding) को व्यवस्था लागू गर्नु उपयुक्त हुन्छ । यसबाट यी विद्यालयहरूले आफैँले थप शिक्षक नियुक्त गर्न सक्नेछन् ।